दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक १६० | बुटवल | २०८३ जेठ २८ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday Jun 11, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## विज्ञापनको विभेदकारी निर्णय खारेज गर्न माग गर्दै देशव्यापी धर्ना



बुटवल । नेपाल पत्रकार महासंघले सरकारी विज्ञापन तथा सूचना वितरणसम्बन्धी विभेदकारी र स्वेच्छाचारी निर्णय खारेज गर्न माग गर्दै देशव्यापी धर्ना कार्यक्रम आयोजना गरेको छ।

महासंघको आह्वानमा बुधबार काठमाडौंसहित देशभरका ७७ जिल्लाका जिल्ला प्रशासन कार्यालय अगाडि एक घण्टा धर्ना दिइएको हो । काठमाडौं शाखाले बबरमहलमा आयोजना गरेको धर्ना कार्यक्रममा पत्रकारहरूले मिडियाविरोधी नीति फिर्ता लिन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्न र नागरिकको सूचनाको अधिकार सुनिश्चित गर्न सरकारसँग माग गरेका छन् । महासंघकी अध्यक्ष निर्मला शर्माले पछिल्लो समय सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि नियन्त्रण बढाउन खोजेको आरोप लगाइन्। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी गरिएको परिपत्रमार्फत् सरकारी विज्ञापन र सूचना सरकारी सञ्चारमाध्यममा मात्र प्रकाशन तथा प्रशारण गर्ने व्यवस्था गरिएको उनको भनाइ छ।

त्यसले संविधानले प्रत्याभूत गरेको नागरिकको सूचनाको हकमाथि आघात पुगेको उनले बताइन्। पत्रकारहरूलाई समाचारका विषयमा सोधपुछ गर्ने, समाचारको स्रोत खुलाउन दबाब दिने तथा सामग्री हटाउन लगाउने प्रवृत्ति बढेको उनको भनाइ छ।

उनले सञ्चार माध्यमलाई सूचना र सार्वजनिक विज्ञापनहरू प्रकाशन र प्रसारणमा रोक लगाएर सरकारले मिडियाको मुख थुन्ने प्रयास गरेको आरोप लगाइन्। साथै सरकारले संविधान संशोधन गर्न बनाएको कार्यदलप्रति पनि आपत्ती जनाइन्।

संसद बाहिरबाट कार्यदल बनाएर सरकारले संविधानले दिएका सबै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथी हस्तक्षेप गर्न खोजेको उनको आरोप छ । उनले संसदभित्रबाट नै सबै राजनीतिक दलको सहमतिमा संविधान सुझाव आयोग बन्नुपर्ने र उक्त आयोगलाई मात्रै महासंघले संविधान संशोधनमा सुझावहरू दिने बताइन्।

» बाँकी ३ पेजमा

## सहकारी ठगी, मदन र सुशील मृत्युको पनि छानबिन होस् : कूलमान



बुटवल । उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले राजदरबार हत्याकाण्ड मात्रै नभइ मदन भण्डारी र सुशील कोइरालाको मृत्यु प्रकरणको पनि छानबिन गर्नुपर्ने बताएका छन्।

बुधबार काठमाडौंमा आयोजित पार्टी प्रवेश कार्यक्रममा उनले यस्तो बताएका हुन् । नवनियुक्त गृहमन्त्री सुधन गुरुङले राजदरबार हत्याकाण्डको छानबिन गर्ने प्रतिबद्धता जनाएको उल्लेख गर्दै उनले उक्त घटनाको छानबिन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरूको सहभागितामा हुनुपर्ने स्पष्ट पारे।

अध्यक्ष घिसिङले मदन भण्डारीको मृत्यु प्रकरणको सत्यतथ्य सार्वजनिक गर्न र पूर्वप्रधानमन्त्री सुशील कोइरालाको मृत्युबारे उठेका शङ्काको समेत अनुसन्धान गर्नुपर्ने उल्लेख गरे । उनले राजनीतिक व्यक्तित्वसँग सम्बन्धित घटनाहरूका साथै अन्य घटनाहरुको पनि निष्पक्ष छानबिन आवश्यक रहेको बताए ।निर्मला पन्त हत्या प्रकरणको दोषी अझै पहिचान हुन नसकेको भन्दै उनले सरकारले वास्तविकता सार्वजनिक गर्नुपर्ने जनाए। साथै उनले टीकापुर घटनापछि गठन भएको लाल आयोगको प्रतिवेदन हालसम्म सार्वजनिक नगरिएको भन्दै उक्त प्रतिवेदन सार्वजनिक गर्न पनि सरकारसँग आग्रह गरे।

उनले भने-'किन यो दरबार हत्याकाण्ड मात्रै ? मदन भण्डारी हत्याको पनि छानबिन होस्। किन नगर्ने ? पटक पटक राष्ट्रपति भएको छ, पटक पटक प्रधानमन्त्री भएको छ। त्यही पार्टीको, किन अहिलेसम्म छानबिन हुँदैन ? त्यो हत्या भनेर पटक-पटक भनेको छ, त्यसको सही उत्तर किन आउँदैन ? त्यो पनि छानबिन होस्। त्यस्तै गरेर सुशील कोइरालाको मृत्यु पनि शङ्कास्पद हो भनेर आएको हो, उहाँको पनि छानबिन होस्।'

उनले थपे-'निर्मला हत्याकाण्ड अहिलेसम्म छानबिन भएर त्यसको बाहिर ल्याउन सकिएको छैन, अब उहाँहरूले ल्याउनुपर्‍यो, निर्मला हत्याकाण्डको। टीकापुर विद्रोह जुन भएको थियो, टीकापुर विद्रोहको एउटा छानबिन आयोग बन्यो, लाल आयोग।

बाँकी ३ पेजमा

तिनाउ सुनचाँदी पसलमा चोरी :

# कर्मचारीसँग मिलेर साहुले नै चोरे आफ्नो पसल

**पसलको बिमा दाबी गर्न र अन्य मानिसहरूले पसलमा राख्न दिएको सुन र पैसा फिर्ता गर्न नपर्ने सोंची योजनाबद्ध रूपमा चोरीको नाटक गरेको अनुसन्धानमा खुलेको छ।**




**टिआर शर्मा**
*बुटवल*

बुटवल अमरपथको तिनाउ सुन चाँदी पसलमा गत जेठ १७ गते राति भएको चोरीमा पसल सञ्चालक र कर्मचारीकै संलग्नता रहेको पाइएको छ।

घटनाबारे एक हप्ताको अनुसन्धानबाट चोरीमा पसल सञ्चालक (साहु) दीपक सेन्चुरी विक र कर्मचारी नवीन विकको संलग्नता पुष्टि भएको रूपन्देही प्रहरी प्रमुख प्रहरी उपरीक्षक जनकबहादुर शाहीले बताए।

दीपक र नवीन आफन्त नातेदार हुन्।

चोरी भएको भनिएको मध्ये ५ तोला सुन र २५ तोला चाँदी दीपकको घरबाट बरामद भएको एसपी शाहीले बताए। पसलका सञ्चालक दीपक सेन्चुरीले करिब ७० तोला बराबरको सुनका गहना र काचो सुन चोरी भएको प्रहरीलाई बताएका थिए।

रातको समयमा पसलको च्यानल गेटको ताला खोलेर सटरलाई एक फुट माथि तानेर चोरभित्र पसेको, सुन र गहना राखिएको लकरको तालालाई करिब ५० वटा फरक फरक चाबी प्रयोग गरेर लिएर गएको पाइएको थियो।

पसल चोरी हुँदाको समयमा सञ्चालक दीपक सेन्चुरी पोखरा गएको प्रहरीलाई बताए पनि अनुसन्धानबाट उनी बुटवलमै भएको खुलेको छ। बजारमा जडान भएको सिसिटिभी फुटेजमा पसल चोरी गर्नुअघि दीपक र नवीन चिडियाखोलाको एक रेष्टुरेण्टमा बसेर मदिरा खाएको देखिएको छ। त्यपछि दीपक एक्लै पसलमा आएर ताला तोडेर सुनचाँदी चोरी गरेर तिनाउ पुल हुँदै पारी बुटवलतर्फ गएको र केही समयपछि सिद्धबाबा मन्दिर हुंदै पाल्पातर्फ लागेको सिसिटीभीले देखाएको छ। दीपकले पहिल्यै चार पांग्रे गाडी सिद्धबाबा मन्दिर नजिकै राखेर पसल चोरी गर्न आएका थिए।

पसलको सीसीटिभी क्यामेरा बिग्रेको समयमा चोरी भएकाले घटना शंकास्पद देखिएको प्रहरीको अनुमान थियो। चोरीको घटना जेठ १७ गते राति भए पनि दीपकले आफू पोखराबाट फर्किंदै गरेको बताएर सोमबार साँझ अबेर प्रहरीलाई चोरीबारे जानकारी गराएका थिए।

चोरीको घटनापछि पसल सञ्चालक दीपकले एक करोड ४६ लाख ९४ हजार सात सय बराबरको सुनचाँदीका गरगहनाहरू चोरी भएको बताएका थिए। पसलको बिमा दाबी गर्न र अन्य मानिसहरुले पसलमा राख्न दिएको सुन र पैसा फिर्ता गर्न नपर्ने सोंची योजनाबद्ध रुपमा चोरीको नाटक गरेको अनुसन्धानमा खुलेको छ।

दीपक र नवीनलाई पक्राउ गरी अपराधिक विश्वासघात मुद्दामा म्याद लिएर अनुसन्धान गरिरहेको इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख डीएसपी निशान्त श्रीवास्तवले बताए।

उक्त पसल भाडाको सटरमा करिब ४० वर्षदेखि सञ्चालनमा छ। पसलमा एकजना आफन्त र एकजना कामदार गरी दुई जना कर्मचारी थिए। प्रारम्भिक अनुसन्धानमा पसलको सीसीटिभी क्यामेरा बिग्रेको जानकारी भएको व्यक्तिको घटनामा संलग्नता हुन सक्ने प्रहरीले अनुमान गरेको थियो।

सोहीअनुसार प्रहरीले विभिन्न कोणबाट अनुसन्धान गर्दा सञ्चालक र आफन्तसमेत रहेका कर्मचारी नवीनको नै संलग्नता भेटिएको श्रीवास्तवले बताए।

पसलको च्यानल गेटको ताला र पसलभित्र सुनका गहना र सुन राखेको निकै बलियो लकर खोल्न खासै बल र औजारहरु प्रयोग गरेको नदेखिएकाले घटनामा पसलसँग सम्बन्धित व्यक्तिको संलग्नताको आशंका गरेर त्यही कोणबाट अनुसन्धान गर्दै जाँदा चोरीको ८औं दिनमा दीपक र नवीनको संलग्नता पुष्टी भएको डीएसपी श्रीवास्तवले बताए।

बुटवल बजार क्षेत्रको सीसीटिभी फुटेजको सहयोगले दीपक र नवीन आफ्नै पसल चोरीमा संलग्न भएको पोल खुलेको डीएसपी श्रीवास्तवले बताए। दीपक र नवीन आफन्त नातेदार हुन्। पसल सञ्चालक दीपकले भनेअनुसार परिमाणको सुन अझै फेला नपरेकाले यो घटनामा थप अनुसन्धान जारी रहने उनले बताए। यो घटनाको अनुसन्धानमा जिल्ला र प्रदेश प्रहरी कार्यालयको समेत समन्वय र सहयोग रहेको श्रीवास्तवले बताए।

पसल सञ्चालक र कर्मचारीकै संलग्नतामा यति ठूलो चोरीको घटना हुँदा समग्र सुनचाँदी व्यसायीको इमान्दारिता र व्यवसायिक छविमा गम्भीर धक्का लागेको व्यवसायीहरुले बताएका छन्।

## बैंकहरूले 'मेरो कित्ता' एपबाट नापी शुल्क तिर्नुपर्ने



बुटवल । नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूले नापी कार्यालयबाट प्राप्त गर्ने विभिन्न सेवाको शुल्क भुक्तानी अब अनिवार्य रूपमा 'मेरो कित्ता' प्रणालीमार्फत गर्नुपर्ने व्यवस्था गरेको छ।

राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागले 'क', 'ख' र 'ग' वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाका नाममा बुधबार सर्कुलर गर्दै यस्तो व्यवस्था गरेको हो।

नयाँ व्यवस्थाअनुसार बैंक तथा वित्तीय संस्थाले नापी कार्यालयबाट प्राप्त गर्ने जग्गाको नक्सा, फिल्डबुक, प्लट रजिस्टर प्रिन्टलगायत सेवाहरू लिन तथा ती सेवासँग सम्बन्धित राजस्व भुक्तानी गर्न 'मेरो कित्ता' प्रणालीमा संस्थागत प्रयोगकर्ताको रूपमा दर्ता हुनुपर्ने प्रावधान राखिएको छ।

त्यसपछि सम्बन्धित भुक्तानी र सेवा प्राप्तिको प्रक्रिया सोही प्रणालीमार्फत् सञ्चालन गर्नुपर्ने राष्ट्र बैंकले जनाएको छ।

राष्ट्र बैंकले जारी गरेको परिपत्रमा उक्त व्यवस्था इजाजतपत्रप्राप्त 'क', 'ख' र 'ग' वर्गका सबै बैंक तथा वित्तीय संस्थामा लागू हुने उल्लेख गरिएको छ।

यस व्यवस्थाले नापीसम्बन्धी सेवा प्राप्ति र राजस्व भुक्तानी प्रक्रियालाई थप डिजिटल, पारदर्शी तथा व्यवस्थित बनाउने अपेक्षा गरिएको छ।

## नक्कली भुटानी शरणार्थी मुद्दामा अन्तिम सुनुवाइ सुरु



बुटवल। नक्कली भुटानी शरणार्थी बनाएर नेपालीलाई अमेरिका पठाउने भन्दै ठगी गरेको मुद्दामा अन्तिम सुनुवाइ अगाडि बढेको छ । जिल्ला अदालत काठमाडौंका न्यायाधीश तेजबहादुर खड्काको इजलासमा बुधबारदेखि यो मुद्दामा सुनुवाइ अगाडि बढेको अदालतका सूचना अधिकारी शिव खतिवडाले जानकारी दिए।

बुधबार बहस सुरु भएर हेर्दा हेर्दैमा राखिएको छ। यो विषयमा तीन चरणमा मुद्दा दायर भएको थियो । सुरुमा २०८० जेठ १० गते पूर्व उपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्व गृहमन्त्री बालकृष्ण खाँणसहित ३० जनाविरुद्ध मुद्दा दायर भएको थियो।

२०८१ बैशाख ९ गते र २०८१ साउन २९ गते बेचन झाविरुद्ध मुद्दा दायर भएको थियो।

सुरुका प्रतिवादी रायमाझीसहितका प्रतिवादीहरु थुनामै छन् भने बेचन झा पनि थुनामै छन्। उनीहरुविरुद्ध ठगी, लिखत कीर्ते, राज्यविरुद्धको कसुर र संगठित अपराधमा मुद्दा दायर गरिएको छ।

यो विषयमा तीन चरणमा मुद्दा दायर भएको थियो। सुरुमा २०८० जेठ १० गते पूर्व उपप्रधानमन्त्री टोपबहादुर रायमाझी, पूर्व गृहमन्त्री बालकृष्ण खाँणसहित ३० जनाविरुद्ध मुद्दा दायर भएको थियो। २०८१ बैशाख ९ गते र २०८१ साउन २९ गते बेचन झाविरुद्ध मुद्दा दायर भएको थियो।

सुरुका प्रतिवादी रायमाझीसहितका प्रतिवादीहरु थुनामै छन् भने बेचन झा पनि थुनामै छन्। उनीहरुविरुद्ध ठगी, लिखत कीर्ते, राज्यविरुद्धको कसुर र संगठित अपराधमा मुद्दा दायर गरिएको छ।

यो मुद्दामा पूर्वगृहसचिव टेकनारायण पाण्डे, पूर्वसभासद् आङटावा शेर्पा, भुटानी शरणार्थी नेता टेकनाथ रिजाल, हज कमिटीका पूर्वअध्यक्ष शमशेर मियाँ र तत्कालीन गृहमन्त्रीका सल्लाहकार इन्द्रजित राई, पूर्वमन्त्री खाँणका स्वकीय सचिव नरेन्द्र केसी, टोपबहादुरका छोरा सन्दीप, बिचौलिया केशव दुलाल, सानु भण्डारी, सन्देश शर्मा, रामशरण केसी, गोविन्द चौधरी, हरिभक्त महर्जन र सागर राईलाई पनि प्रतिवादी बनाइएको छ। यस्तै बेचन झासँगै प्रतिक थापा पनि प्रतिवादी छन्।

## नगरवासीहरूमा हार्दिक अनुरोध

**गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरु र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं।**

- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोग पश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं।
- पेट्रोल, डिजल, ग्यास स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचविखन तथा प्रयोग नगरौं।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण खाँण
नगर प्रमुख

वालिङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, वालिङ् स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

# सम्पादकीय

## रेमिट्यासको निर्भरता

विदेशमा रहेका नेपालीले पठाउने रकम रेमिट्यान्स आप्रवाह गत बैशाखमा ४१ दशमलव २ प्रतिशतले बढेको छ । जसअनुसार चालु आर्थिक वर्षको १० महिना (साउनदेखि बैशाखसम्म) मा १९ खर्ब १६ अर्ब रुपैयाँ रेमिट्यान्स भित्रिएको राष्ट्र बैंकको मासिक प्रतिवेदनमा उल्लेख छ । खाडी मुलुकमा भएको युद्धको असर नेपालको रेमिट्यान्समा पर्ने अनुमान भइरहेका बेला यो तथ्याङ्कले त्यस्तो असर देखिएन् । बैशाखसम्म नेपालमा आएको रेमिट्यान्स गत आर्थिक वर्षभरि आएको भन्दा बढी हो । गत आर्थिक वर्षमा १७ खर्ब २३ अर्ब रुपैयाँ मुलुक भित्रिएको थियो । २०८२ बैशाखसम्म रेमिट्यान्स आप्रवाह १३ दशमलव ३ प्रतिशतले बढेको थियो ।

राष्ट्र बैंकका अधिकारीहरु पछिल्लो समयमा औपचारिक माध्यममार्फत् रेमिट्यान्स पठाउने प्रवृत्ति बढेको बताउँछन् । बैंकिङ प्रणाली, डिजिटल भुक्तानी पूर्वाधार तथा रेमिट कम्पनीहरूको पहुँच विस्तारसँगै अनौपचारिक च्यानलबाट औपचारिक च्यानलतर्फ सर्ने प्रवृत्ति बढ्नु सकारात्मक छ । आर्थिक वर्ष २०८२/८३ को १० महिनासम्मको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति २२ दशमलव ६ महिनाको वस्तु आयात र १९ दशमलव २ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने राष्ट्र बैंकको विश्लेषण छ । मुलुकमा डलरको सञ्चिति हुनु मात्रै स्वस्थ अर्थतन्त्र मान्न सकिन्न ।

रेमिट्यान्समा भइरहेको वृद्धिबाट नेपालको अर्थतन्त्र टिक्ने वातावरण बनेकोले खुशी हुने प्रवृत्ति छ । खासमा रेमिट्यान्समा आधारित अर्थतन्त्र दीगो नहुने र यसले गम्भीर परिणाम ल्याउने चेतावनी विज्ञहरुले दिइरहेका छन् । नेपाल लामो समयदेखि रेमिट्यान्सबाट अर्थतन्त्र धानिएको छ । रेमिट्यान्समा धानिएको अर्थतन्त्रलाई उत्पादनमुखी अर्थतन्त्रमा रुपान्तरण गर्न नसक्दा मुलुक परनिर्भर भइरहेको छ । मुलुकमा आन्तरिक उत्पादन बढाउने कार्यक्रम बढाउन नसक्दा रोजगारीको लागि विदेश जानुपर्ने र युवाले पठाएको रेमिट्यान्सले मुलुक धानिनुपर्ने वातावरण बनेको छ । कृषिको व्यवसायिकरण र पर्यटन प्रवर्द्धनमार्फत् उद्यमशिलता र रोजगारी श्रृजना गर्ने राम्रो अवसर हो यो । दुईतिहाईको स्थिर सरकार छ । यो सरकारले लिने नीतिगत निर्णयले अवसरको ढोका खुल्छ । यद्यपी आगामी आवको बजेटमा उद्यमशिलता र रोजगारी श्रृजनामा पर्याप्त बजेट विनियोजन हुन सकेन् ।

बढ्दो बेरोजगारीलाई न्यूनीकरण गर्न उत्पादनमुखी अर्थतन्त्रबाट मात्रै सम्भव छ । मुलुकमा वर्षेनी ५ लाख जनशक्तिलाई रोजगार आवश्यक छ । यो जनशक्तिलाई मुलुकमा रोजगार सम्भव नभएपछि विदेशिनु बाध्यता छ । अझ अहिले अध्ययनको नाउमा विदेशिने र त्यसपछि मुलुकमा फर्किने न्यून छन् । विदेश भएका युवाले पठाएको पैसाले मुलुकको अर्थतन्त्र चल्ने अवस्था सबल अर्थतन्त्र निर्माणका लागि स्वभाविक मानिदैन् । रेमिट्यान्स आप्रवाहमा ब्रेक लाग्ने बित्तिकै मुलुकले समस्या झेल्नेछ, तर अहिलेदेखि नै आन्तरिक उत्पादन बढाउन र रोजगारी श्रृजनामा ध्यान दिन सक्दा मुलुकले धेरै गर्न सक्छ । उत्पादमुखी अर्थतन्त्रले आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्छ, त्यस्तो अर्थतन्त्र निर्माणले रोजगारी श्रृजना गर्छ । रोजगारी श्रृजना गरी बेरोजगारी अन्त्य गर्न सक्दा र विदेश जाने प्रवृत्तिलाई न्यूनीकरण गर्न सक्दा मुलुकले फड्को मार्न सक्छ ।

# सबै मिलेर देश बचाऔं



झपेन्द्र जिसी

नेपालको प्रधानमन्त्रीको पदमा आसीन प्रधानमन्त्रीलाई विपक्षी सांसदहरुले संसदमा आई केही आफ्ना प्रश्नहरुको उत्तर दिन सभामुखसँग आग्रह गर्दा पनि उनी संसदमा उपस्थित हुन धेरै दिनसम्म आलटाल गरे । एक दिन अकस्मात सदनमा आएर नेपाल देशको सीमा अतिक्रमण विषयमा उनले संसदको रोस्ट्रममा उभिएर भनिदिए- भारतले मात्र होइन नेपालले पनि भारतको भूमि कब्जा गरेको छ ।

**'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी'**

नेपालको संविधान २०१५, नेपाल अधिराज्यको संविधान २०१९, नेपाल अधिराज्यको संविधान २०४७, नेपालको लोकतान्त्रिक गणतान्त्रिक संविधान २०७२ को निशाना छापमा 'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी' लेखिएको छ ।

संस्कृतमा रचना गरिएको वाल्मीकि रामायण अर्थात् ऋषि वाल्मीकिले रचना गरेको संस्कृत भाषाको रामायणमा उल्लिखित छ- 'अपि स्वर्णमयी लंका नमेरोचते लक्ष्मण ।'

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

यसको नेपाली अनुवाद हुन्छ- जननी र जन्मभूमि स्वर्गभन्दा पनि सर्वोच्च छन् । मलाई सुनैसुनको लंकाभन्दा पनि मेरै देश (भूमि) सुन्दर लाग्छ, मलाई सुनैसुनको लंका भए पनि मन पर्दैन । चाहिंदैन । मलाई त आफ्नै माटो ढुंगाले निर्मित भूमि, हिमाल, पहाड, पर्वत र तराईले सुसज्जित भूमि मन पर्छ । यसमा रहेका बोटविरुवा, वनस्पति, जडीबुटी र यहाँ विचरण गर्ने डाँफे, मुनाल, मजुर, काग, काँडेभ्याकुर, ढुकुर, कुकुर, स्याल, व्वाँसो, बाघ, भालु, चितुवा, मृर्ग, हरिण, खरायो, जरायो, बाह्रसिंगा, न्याउर हिमाली जंगली बाख्रा, च्याङ्ग्रा, चौरी, नाक धेरै मन पर्छन् । किन ? किनकि तिनीहरु मेरा हुन् । मेरा साथी दौंतरी हुन् । त्यस्तै भैंसी, गाई, गोरु, भेंडा पनि मेरा हुन् । आफ्नो कुरा मलाई मन पर्छ । अथाह नदीनाला र जलस्रोतको उद्‍गम स्थल हिमालय पर्वतमाला हो । गरिब अमिर जे भए पनि मलाई मन पर्छ ।

यो प्रसङ्ग अहिले लेखकले कोट्याउनुको महत्वपूर्ण अर्थ छ । त्यसको अर्थ हो- नेपालको प्रधानमन्त्रीको पदमा आसीन प्रधानमन्त्रीलाई विपक्षी सांसदहरुले संसदमा आई केही आफ्ना प्रश्नहरुको उत्तर दिन सभामुखसँग आग्रह गर्दा पनि उनी संसदमा उपस्थित हुन धेरै दिनसम्म आलटाल गरे । एक दिन अकस्मात सदनमा आएर नेपाल देशको सीमा अतिक्रमण विषयमा उनले संसदको रोस्ट्रममा उभिएर भनिदिए- भारतले मात्र होइन नेपालले पनि भारतको भूमि कब्जा गरेको छ । यो विषय संसारभरि भाइरल भयो । भारतीय मिडियामा यो सनसनीपूर्ण खबरलाई रंगीचंगी ढंगले उठाए । किन ?

यस कारणले लिपुलेक, लिम्पियाधुरा, कालापानी, महेशपुरजस्ता भूभाग अहिले पनि भारतीय कब्जामा छन् । नेपाल देशभूमि र जनसंख्यामा सानो भए पनि स्वाभिमान र सार्वभौमिकतामा भारतभन्दा कम छैन । नेपाल सप्रभु र स्वतन्त्र देश हो । इष्ट इण्डिया कम्पनी सरकारबाट भारत भन्ने देश २०० वर्षभन्दा बढी वर्ष बेलायत (अंग्रेज)को उपनिवेश भयो बेलायतको कब्जामा रहयो । तर नेपाल देश कसैको गुलाम भएन । नेपालको भूमि बाँचिरहयो । दार्जिलिङ्ग र दार्जिलिङ्गको तराई, कुमाऊ, गढवाल, नैनीताल, देहरादुन, इष्ट इण्डिया कम्पनी सरकारले लुटेर लग्यो ।

सन् १९४७, १५ अगष्टमा ब्रिटिसहरु भारतबाट फर्केर गएपछि स्वतन्त्र भएको इण्डियाले लुटिएको जमिन त लुटेरै लग्यो, कायम गऱ्यो उतै । तर ४ मार्च १९१६ मा सुगौली सन्धि अनुसार नेपालको पूर्वी सीमा मेची नदी र पश्चिम सीमा महाकाली कायम भएको भए पनि सीमा क्षेत्रमा अहिले पनि बेलायतको गुलाम इण्डियाले सीमा अतिक्रमण एक ठाउँ होइन ५०औं ठाउँमा गरी नै रहेको छ ।

लिम्पियाधुरा, लिपुलेक र कालापानी कब्जा गरेको छ । केपी ओली प्रधानमन्त्री भएको घडीमा सांसदको दुई तिहाईले उपर्युक्त भूमि हाम्रो हो भनी ऐतिहासिक प्रमाणसहित पारित गऱ्यो । नक्सा पनि तयार गऱ्यो । नेपाली नोटमा पनि उपर्युक्त भूमि देखिने गरी राष्ट्र बैंकले नोट (नोठ) निष्काशन गऱ्यो । भारत र चीनलाई कुटनीतिक नोटहरु पठायो । तर भारतले सुनेको नसुन्यै मात्र गरेन मानसरोवरसम्म पुग्ने गरी नेपाली भूमि लिपुलेकबाट सडक निर्माण गऱ्यो ।

गत फागुन २१ गते भएको निर्वाचनमा रास्वपा भनिने रवि लामिछाने बालेन साहको पार्टीलाई नेपाली जनताले झण्डै दुई तिहाई सीटमा जिताए ।

अब यो सरकारले भारतले कब्जा गरेका भूमि फिर्ता गर्न पहल कदमीमा जुट्ला भन्ने आशा गरेका थिए । मतदाताहरुले ठूलो आशा गरेका थिए । तर प्रधानमन्त्री स्वयंले भारतले मात्र होइन हामी नेपालीले पनि भारतको भूमि मिचेको छौं, कब्जा गरेका छौं भन्ने भनाइले नेपाली जनताको आशामा घोर कुठराघात गरेको छ ।

के खोज्छ आँखा नभएको आँखो भएझैं भारतलाई भएको छ । अथवा मकै चोर बाँदरलाई लिस्नो राखिएझैं भएको छ । राष्ट्र कवि माधव घिमिरेले रचना गर्नु भएको राष्ट्रिय गानको यो लेखकलाई सम्झना हुन्छ-

'पश्चिम किल्ला कांगडा पूर्वमा टिस्टा पुगेथ्यौं' भन्ने गाना जेनजी भाइबहिनीले सायदै सुनेका होलान् । यो गाना मात्र होइन, यो त राष्ट्रियताको ढुकढुकी हो, स्पन्दन हो । तर केही सांसदहरु र कथित बुद्धिजीवीहरु भन्दै छन् -'हामी नेपालीले पनि भारतीय भूमि कब्जा गरेका छौं भन्ने अभिव्यक्तिभित्र महान् कुटनीति लुकेको छ भन्दै उनै प्रधानमन्त्री बालेनको रक्षा कबच बनिरहेका छन् ।

अन्त्यमा अहिले देश गम्भीर मोडमा उभिएको छ । संकटपूर्ण अवस्थामा छ । अब यो देशको रक्षा सरकारबाट सम्भव छैन भन्ने कुरा सरकार प्रमुखकै अभिव्यक्तिले बताएको छ भने सरकारका प्रतिनिधि मन्त्रीहरु र रास्वपा नेता रवि लामिछानेका लागि दिल्ली दौड पानी पँधेरो भएको छ । र, दिल्ली सरकारका प्रतिनिधिहरु पनि काठमाडौंमा निकै आइरहेका छन् । त्यसरी नै अमेरिकी प्रतिनिधि पनि काठमाडौंमा आउने क्रम जारी छ । अर्थ न वर्थसित जेनजी विद्रोह मच्याएर गत निर्वाचित सरकार ढलाउनेहरु विशेषतः टिओबी अमेरिकी युथ काउन्सिल र काठमाडौंमा शरणार्थीको रुपमा बसेका दलाई लामाका चेलाहरुले अधिवेशन गरेका छन् । र, मुस्ताङ, मनाङलगायत हिमाली भूभाग कब्जा गर्ने षड्यन्त्रका तानाबाना बुनिरहेको पाइन्छ, यो सरकारको कुनै भर विश्वास छैन । तसर्थ राष्ट्र राष्ट्रियता, राष्ट्रको अस्तित्व र अस्मिता बचाउनको लागि नेपालको राष्ट्रियता र राष्ट्र बचाउनको लागि सबै नेपाली जनताहरु मिलेर प्रतिरोध गर्न आवश्यक भइसकेको छ ।

# डियर बालेन ! भीडको देवत्व दीर्घ हुँदैन

केशव पाठक



मानिसले इतिहास बनाउँछ भन्ने भनाइ पुरानो हो । तर, इतिहासको अर्को कम चर्चा हुने सत्य के हो भने मानिसले देवता पनि बनाउँछ । अझ राजनीतिमा त यो प्रक्रिया झन् तीव्र हुन्छ । कुनै बेला राजाहरूलाई विष्णुको अवतार मानिन्थ्यो, कुनै बेला क्रान्तिकारीहरूलाई मुक्तिदाता ठानिन्थ्यो, कुनै बेला लोकतान्त्रिक नेताहरूलाई राष्ट्रको एकमात्र उद्धारकका रूपमा चित्रित गरिन्थ्यो । तर इतिहासको निर्मम निष्कर्ष के छ भने भीडले बनाएका अधिकांश देवताहरू अन्ततः आफ्नै मूर्तिको भारले थिचिएका छन् ।

यति बेला नेपालमा एउटा यस्तो राजनीतिक मनोविज्ञान विकसित हुँदै गएको देखिन्छ, जसको केन्द्रमा छन् काठमाडौं महानगरका मेयरबाट राजीनामा दिएर एकाएक प्रधानमन्त्री बनेका बालेन शाह । उनको लोकप्रियता केवल काठमाडौंको फुटपाथ, नक्सा पास वा महानगर प्रशासनसँग मात्र जोडिएको थियो । तर मेयर उम्मेदवारीसँगै उनीसँग जोडिएको विषयचाहिँ उनी पुरानो राजनीतिक संरचनाविरुद्धको प्रतिरोधको प्रतीक बनेका थिए । उनीप्रति आशा राख्नेहरू उनलाई केवल मेयरका रूपमा होइन, एउटा सम्भावित राष्ट्रिय विकल्पका रूपमा हेर्न थालेका थिए ।

यहीँ बिन्दुबाट एउटा व्यक्तिको उत्साह र जोखिम दुवै सुरु हुन्छ । कुनै पनि समाजमा जब संस्थाप्रतिको विश्वास कमजोर हुन्छ, तब मानिसहरू व्यक्तितर्फ आकर्षित हुन्छन् । जब दलहरू कमजोर देखिन्छन्, मानिसहरू नायक खोज्न थाल्छन् । जब संसद्, सरकार, अदालत, प्रशासन वा राजनीतिक पार्टीहरूले जनअपेक्षा पूरा गर्न सक्दैनन्, तब जनताले कुनै एक व्यक्तिमा आफ्नो सामूहिक आकांक्षा थोपर्न थाल्छन् । नेपाल अहिले त्यही मनोवैज्ञानिक अवस्थाबाट गुज्रिरहेको छ ।

यस अर्थमा बालेन एउटा व्यक्ति मात्र होइनन्, उनी नेपालको एउटा राजनीतिक लक्षण हुन् । उनी त्यो निराशाको अभिव्यक्ति हुन्, जुन वर्षौंदेखि दलहरूको व्यवहारबाट निर्माण भएको छ । तर समस्या त्यहाँ सुरु हुन्छ, जहाँ व्यक्ति प्रतीकबाट देवतामा रूपान्तरण हुन थाल्छ ।

देवताको विशेषता के हो ? उसलाई प्रश्न गरिँदैन । उसको आलोचना सहिँदैन । उसका कमजोरीहरूलाई कमजोरी मानिँदैन । उसका गल्तीहरूलाई पनि दूरदर्शिता भनेर व्याख्या गरिन्छ । उसका समर्थकहरूले तथ्यभन्दा विश्वासलाई ठूलो मान्न थाल्छन् । र एक दिन त्यो व्यक्तिले पनि आफूलाई संस्थाभन्दा ठूलो ठान्न थाल्छ ।

राजनीतिक इतिहासमा यही क्षण सबैभन्दा खतरनाक क्षण हो । बीसौं र एक्काइसौं शताब्दीका अनेकौं लोकप्रिय नेताहरूको यात्रा हेर्दा एउटा समान सूत्र भेटिन्छ । उनीहरू जनताको असन्तोषबाट जन्मिए, स्थापित शक्तिलाई चुनौती दिए, असाधारण लोकप्रिय भए, तर समयसँगै उनीहरूकै वरिपरि व्यक्ति पूजाको घेरा बन्यो । अनि त्यो घेराले उनीहरूलाई यथार्थबाट टाढा पुऱ्यायो ।

लोकतन्त्रमा सबैभन्दा ठूलो शक्ति मतदाता होइन, आलोचना हो । आलोचना नभएको नेता चाँडै भ्रममा बाँच्न थाल्छ । प्रश्नविहीन लोकप्रियता अन्ततः आत्म मुग्धतामा परिणत हुन्छ । आत्म मुग्धता राजनीतिमा प्रायः पतनको प्रारम्भिक संकेत हो । नेपालमा अहिले एउटा विचित्र अवस्था छ । पुराना दलहरू यति अलोकप्रिय भएका छन् कि उनीहरूको आलोचना गर्नु अब कुनै साहसिक काम रहेन । बरु उनीहरूको आलोचना गरेर लोकप्रिय बन्न सजिलो भएको छ । तर लोकप्रियता र नेतृत्व एउटै कुरा होइनन् । आक्रोश र वैकल्पिक क्षमता एउटै कुरा होइनन् ।

जनताले पुराना दललाई अस्वीकार गरिरहेका छन्, तर त्यसले स्वतः नयाँ व्यक्तिलाई सफल नेता बनाइदिँदैन । त्यो त केवल एउटा अवसर हो । अवसरलाई उपलब्धिमा बदल्न संस्था, दृष्टि, धैर्य र दीर्घकालीन राजनीतिक क्षमता चाहिन्छ । बालेनको चुनौती पनि यही हो । उनले काठमाडौंको चुनाव जितेर एउटा ऐतिहासिक सन्देश दिएका थिए–दलविहीन उम्मेदवार पनि जनमतको केन्द्र बन्न सक्छ । तर त्यो विजयलाई स्थायी राजनीतिक अर्थ दिन केवल लोकप्रियता पर्याप्त छैन । किनभने राजनीति अन्ततः फेसबुकका कमेन्टहरू, युट्युबका भ्युजहरू वा टिकटकका क्लिपहरूले होइन, संस्थागत परिणामहरूले मूल्याङ्कन गरिन्छ । इतिहासले कुनै नेतालाई उसको भाइरल भिडियोहरूका आधारमा सम्झँदैन । इतिहासले उसले निर्माण गरेका संस्था, नीतिहरू र संरचनाका आधारमा सम्झन्छ । नेपालकै इतिहास हेर्ने हो भने जनताले अनेकौं व्यक्तिहरूलाई असाधारण उचाइमा पुऱ्याएका छन् । कुनै समय बीपी कोइरालालाई लोकतन्त्रको पर्याय मानियो । कुनै समय गिरिजा बाबुलाई गणतन्त्र स्थापनाको नायक ठानियो । कुनै समयपुष्पकमल दाहाल प्रचण्डलाई नयाँ नेपालको निर्माता भनियो । एक समयकेपी शर्मा ओलीलाई राष्ट्रवादको प्रतीकका रूपमा प्रस्तुत गरियो ।

समय बित्दै जाँदा के भयो ? यिनीहरूमध्ये कसैको योगदान इतिहाससम्म पुग्यो, कसैको लोकप्रियतामै धुमिल भयो, कसैको छवि नै फेरियो । तर एउटा कुरा स्थिर के रह्यो भने कोही पनि आलोचनाभन्दा माथि रहन सकेनन् । राजनीतिमा कुनै पनि व्यक्ति इतिहासभन्दा ठूलो हुँदैन । यतिखेर बालेनका समर्थकहरूले लागि पनि यो बुझ्न जरुरी छ । कुनै नेतालाई समर्थन गर्नु र उसलाई प्रश्नभन्दा माथि राख्नु फरक कुरा हो । लोकतन्त्रमा समर्थकको काम पूजा गर्नु होइन, निगरानी गर्नु हो । यदि समर्थकहरू आलोचना गर्ने सबैलाई शत्रु ठान्न थाल्छन् भने उनीहरूले आफ्नो नेताको हित होइन, अहित गरिरहेका हुन्छन् ।

किनभने नेता तब बिग्रन्छ, जब उसका वरिपरि सत्य बोल्ने मानिसहरू हराउन थाल्छन् । आज सामाजिक सञ्जालले राजनीतिक संवादलाई अत्यन्त भावनात्मक बनाएको छ । कुनै नेतालाई मन पराउनेहरू उसको पक्षमा सम्पूर्ण सत्य देख्छन्; मन नपराउनेहरू उसको विपक्षमा सम्पूर्ण सत्य देख्छन् । बीचको क्षेत्र साँघुरिँदै गएको छ । यही कारणले विवेकशील बहसको ठाउँमा नारा र नाराको ठाउँमा व्यक्ति पूजा बढ्दै गएको छ ।

तर राष्ट्रहरू व्यक्ति पूजाले बनेका छैनन्, बन्दैनन् । दक्षिण कोरिया संस्थाले बनायो । जापान संस्थाले बनायो । जर्मनी संस्थाले बनायो । सिंगापुरलाई ली क्वानयुले नेतृत्व गरे, तर अन्ततः उनले पनि टिकाऊ संस्था निर्माण गरेर मात्र आफ्नो विरासत सुरक्षित गरे । व्यक्ति गए तर संस्था बाँकी रह्यो ।

नेपालको दुर्भाग्य के रह्यो भने यहाँ व्यक्तिहरू बलिया भए, संस्थाहरू कमजोर बने । हामीले बारम्बार नायक खोज्यौं, प्रणाली सुधार्न कम ध्यान दियौं । परिणामतः प्रत्येक नयाँ नायकसँग असाधारण अपेक्षा जोडियो र प्रत्येक नायकसँग अन्ततः असाधारण निराशा पनि । बालेनको वास्तविक परीक्षा चुनाव जित्नु थिएन । वास्तविक परीक्षा अब सुरु भएको छ । उनले आफ्नो लोकप्रियतालाई संस्थागत परिवर्तनमा रूपान्तरण गर्न सक्छन् कि सक्दैनन्, त्यसैले उनको राजनीतिक भविष्य निर्धारण गर्नेछ ।

यदि उनी केवल लोकप्रियताको लहरमा बगिरहे भने उनी पनि नेपालले देखेका धेरै अस्थायी राजनीतिक घटनामध्ये एक घटना बन्न सक्छन् । तर यदि उनले संस्था निर्माण, नीति सुधार, प्रशासनिक क्षमता विकास र लोकतान्त्रिक संस्कृतिको विस्तारतर्फ ध्यान दिए भने उनी दीर्घकालीन प्रभाव छोड्न सक्ने नेता बन्न सक्छन् । राजनीतिमा अन्ततः दुई प्रकारका मानिस हुन्छन् । एकथरीले भीड जित्छन् । अर्को थरीले इतिहास जित्छन् । भीड जित्न भावनात्मक नाराहरू काफी हुन्छन् । इतिहास जित्न परिणाम चाहिन्छ । त्यसैले यो लेखको निष्कर्ष कुनै भविष्यवाणी होइन, एउटा चेतावनी मात्र हो ।

प्रिय बालेन, जनताले तपाईँलाई प्रेम गर्न सक्छन्, ताली बजाउन सक्छन्, तपाईँका विचार तथा स्टाटसहरू भाइरल बनाउन सक्छन्, तपाईँका पक्षमा अभियान चलाउन सक्छन् । तर, यी सबै क्षणिक कुरा हुन् । आजको भीड भोलि अर्को दिशातर्फ फर्कन सक्छ । आजको उत्साह भोलिको निराशामा बदलिन सक्छ ।

तपाईँलाई बचाउने कुरा भीड होइन, काम हुनेछ । तपाईँलाई टिकाउने कुरा लोकप्रियता होइन, संस्था हुनेछ । तपाईँलाई सम्झने कुरा नारा होइन, परिणाम हुनेछ । किनकि इतिहासको एउटा पुरानो र कठोर नियम छ, भीडले बनाएका देवता धेरै टिक्दैनन् । तर, संस्थाहरू निर्माण गर्ने नेता, आफू नहुँदा पनि बाँचेका हुन्छन् । नेपाल प्रेसबाट

# नेप्से परिसूचक २.५७ अङ्कले बढ्यो



काठमाडौं । साताको चौथो कारोबार दिन बुधबार धितोपत्र बजार (नेप्से) मा सामान्य सुधार देखिएको छ । तीव्र उतारचढावकाबिच नेप्से परिसूचक २.५७ अङ्क ले बढेर २७३६.१७ विन्दुमा पुगेर बन्द भएको छ ।

बजार खुला भएदेखि नै उतारचढावपूर्ण रहेको थियो । सुरुवाती समयमा तीव्र वृद्धि देखिए पनि मध्याह्नपछि बजार केही दबाबमा परेको देखिन्छ । यद्यपि, अन्तिम समयमा बजार हरियो सङ्केतसहित बन्द हुन सफल भयो ।

बजारमा कुल ३५६ वटा स्क्रिप्सको सेयर खरिदबिक्री भएको छ । दिनभरि भएका ४९ हजार २४८ वटा कारोबारमार्फत् कुल ९२ लाख ८३ हजार ३२६ कित्ता सेयर किनबेच हुँदा ४ अर्ब २९ करोड ७४ लाख ६३ हजार ३२७ रुपैयाँ बराबरको कुल कारोबार भएको छ ।

बजारमा कुल १२७ कम्पनीको सेयर मूल्य बढेको छ भने १३४ कम्पनीको मूल्य घटेको छ । बाँकी १० कम्पनीको सेयर मूल्य भने स्थिर रह्यो । कारोबार भएका कुल १३ उपसमूहहरूमध्ये ७ वटा उपसमूहमा हरियाली छाएको छ भने ६ वटा उपसमूह ओरालो लागेका छन् । बजारमा होटल्स तथा पर्यटन उपसूचक ०.५४ प्रतिशत र हाइड्रोपावर उपसूचक ०.६५ प्रतिशतले बढेका छन् ।

अर्कोतर्फ, जीवन बिमा उपसमूह ०.३२ प्रतिशत र निर्जीवन बिमा उपसमूह ०.२४ प्रतिशतले ओरालो लागेका छन् । तीन वटा हाइड्रोपावर कम्पनीको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । उत्कृष्ट कमाउने कम्पनीहरूमा कालिञ्चोक हाइड्रोपावरको मूल्य १४.९९ प्रतिशत, सोपान फर्मास्युटिकल्सको १४.९८ प्रतिशत र अपोलो हाइड्रोपावरको मूल्य १४.९८ प्रतिशतले बढेको छ ।

कारोबार रकमका आधारमा आँखुखोला जलविद्युत् शीर्ष स्थानमा रह्यो, जसको २८ करोड ४१ हजार रुपैयाँभन्दा बढीको सेयर कारोबार भयो । यस्तै, सप्तकोशी डेभलपमेन्ट बैंकको २० करोड २७ लाख रुपैयाँ र सिटी होटल लिमिटेडको १६ करोड ४१ लाख रुपैयाँभन्दा बढीको सेयर कारोबार भएको छ ।

# बहुप्रतिक्षित फुटबलको महासङ्ग्राम विश्वकप

**राजु सिलवाल**

चार वर्षको प्रतिक्षापछि फिफा विश्वकप २०२६ फुटबल प्रतियोगिता विगतका विश्वकपहरूभन्दा थप विशेष बन्दै संसारभरका फुटबलप्रेमीहरूको घरसङ्घारमा आइपुगेको छ। व्यापक रूपमा विश्वव्यापी सहभागिता हुने अपेक्षा गरिएको विश्वकपलाई अन्तरराष्ट्रिय पर्वका रूपमा लिने गरिएको छ । विश्वकप फुटबलले एक महिनाभन्दा बढी अवधिभर संसारभरिका फुटबलप्रेमीहरूलाई प्रतिस्पर्धात्मक खेलको माध्यमबाट एकीकृत गर्दै स्वच्छ मनोरञ्जन दिलाउनेछ।

नेपालको समयअनुसार जेठ २९ गते मध्यराति १२ बजेर ४५ मिनेटदेखि शुभारम्भ हुने विश्वकप साउन ४ गते मध्यराति १२ बजेर ४५ मिनेट जाँदा सुरु हुने फाइनल खेलपछि टुङ्गिने खेलतालिका रहेको छ । विज्ञान र प्रविधिको विकाससँगै प्रविधिमैत्रीअनुरुप सञ्चालन गरिने विश्वकप फुटबलले समग्र रूपमा विश्वमा आर्थिक, सामाजिक, सांस्कृतिकलगायत विभिन्न क्षेत्रको विकासका लागि समेत यथोचित योगदान गर्ने आशा गरिएको छ।

**विगतभन्दा फरक**

यसपालि पहिलोपटक तीनवटा देश मिलेर संयुक्त रूपमा विश्वकपको आयोजना गर्दैछन्। अमेरिका, क्यानडा र मेक्सिकोले सञ्चालन गर्ने यस प्रतियोगिताको विशेषता भनेको फुटबलप्रेमी दर्शकहरूले धेरै खेल हेर्ने अवसर प्राप्त गर्नु हो। प्रतियोगिताको उद्घाटन खेल जेठ २९ गते मेक्सिको सिटीमा 'ए' समूहमा रहेको विश्वकपको सह-आयोजक मेक्सिको तथा दक्षिण अफ्रिकाबिच हुँदैछ। जेठ ३० गते अर्को सह-आयोजक क्यानडाले बोस्निया हर्जगोभिनियासँग टोरोन्टोमा तथा सहआयोजक अमेरिकाले पाराग्वेसँग क्यालिफोर्नियामा पहिलो खेल खेल्ने कार्यक्रम छ। यसरी विभिन्न तीन देशमा आयोजना हुने बेग्लाबेग्लै उद्घाटन खेलले विश्वमा रहेका सम्पूर्ण मुलुकहरूलाई नै फुटबलमय बनाउन महत्त्वपूर्ण योगदान गर्नेछ।

विश्वकपका सहभागी मुलुकहरूको संख्यामा व्यापक मात्रामा वृद्धि गरिनु सन् २०२६ को अर्को उल्लेखनीय उपलब्धि मान्न सकिन्छ । विगतका विश्वकपहरूमा ३२ टोलीको मात्र सहभागिता हुने गर्दथ्यो भने अब ४८ मुलुकका टोलीले अन्तिम प्रतिस्पर्धामा सहभागिता जनाउने मौका पाएपछि थप थुप्रै टिम तथा खेलाडीहरूले आफ्नो प्रतिभा प्रदर्शन गर्ने मौका पाएका छन्। विश्वकपको इतिहासमा खेल संख्या पनि अत्यधिक मात्रामा वृद्धि गरिएबाट प्रतियोगिताको रौनक अझ बढन पुगेको छ । प्रतियोगिताको सहभागी मुलुकभित्र व्यापक चासो र चिन्ता हुने गरेको विश्वकपको लहरले सम्पूर्ण विश्वलाई प्रभावित गर्नेछ। यो प्रतियोगिता विश्वकै लामो प्रतियोगिताका रूपमा स्थापित हुँदैछ।

यसअघिका विश्वकपमा ६४ वटा खेल हुने गरेकामा अब खेल संख्या बढेर १०४ खेल हुने भएपछि यसको सकारात्मक असर ती खेल सञ्चालन हुने तीनवटै मुलुकका विभिन्न १६ वटा सहरमा पर्ने देखिएको छ। विभिन्न देशबाट खेल हेर्न ती शहरमा जाने पर्यटकको घुइँचोले समग्र आर्थिक अभिवृद्धिमा प्रभाव पर्न जानेछ । सन् २०२२ को कतारमा भएको विश्वकपमा भन्दा यसपटक ४० वटा बढी खेल हुने भएपछि फुटबलप्रेमीहरूलाई धेरै खेल हेर्न पाउने अवसर जुटेको छ। यसअघि समूहगत खेलका लागि सहभागी टिमहरूलाई आठ समूहमा विभाजन गर्ने गरिएको थियो भने यसपटक समूहको संख्या बढ्न गई 'ए' देखि 'एल' समूह गरी १२ वटा समूहमा विभाजन गरिएको छ। यसअनुसार प्रत्येक समूहमा चारवटा टोली रहेका छन्। प्रत्येक टोलीले खेल्ने लिग र नकआउट चरणका सम्पूर्ण खेलहरूले व्यापक रूपमा फुटबलको लहर ल्याउनेछ।

**सम्भावित प्रतिस्पर्धा**

प्रतियोगिताका सहभागी टिमहरूमध्ये गत विश्वकप विजेता अर्जेन्टिना यसपालि पनि उपाधि जित्ने लक्ष्यका साथ मैदानमा उत्रदैछ । विपक्षीलाई सन्तुलित रूपमा दबाब दिन यो टिम सफल मानिएको छ। अर्जेन्टिनाका कप्तान लियोनेल मेस्सीको कुशल नेतृत्व यो टिमको प्रमुख शक्ति रहेको छ। सन् २०१० मा एकपटकमात्र विश्वकप जितेको स्पेनका खेलाडी पनि राम्रो फर्ममा रहेको विश्लेषकहरूले जनाएका छन्। फिफाको विश्व बरियतामा विभिन्न पटक शीर्षस्थानमा रहन सफल स्पेन वर्तमान युरोपेली च्याम्पियन पनि हो। स्पेनको टिम शक्तिशाली राष्ट्रिय टोलीमध्ये एक मानिएको छ।

गत विश्वकपको उपविजेता फ्रान्स पनि विपक्षी टिममाथि आक्रमण गर्न पारङ्गत देखिएको छ । प्रतिभाशाली खेलाडीहरूले भरिएको फ्रान्सेली टिम तेस्रोपटक विश्वकप जित्ने लक्ष्य लिएर मैदानमा उत्रिँदैछ । विपक्षीतर्फ आक्रमण गर्ने सन्दर्भमा इङ्गल्यान्डको टिम पनि कम देखिएको छैन । यो टिम अनुभवी खेलाडीहरूले भरिएका छन्। इङ्गल्यान्डले सन् १९६६ मा एकपटकमात्र आफ्नै गृह मैदानमा विश्वकप जितेको थियो। यस्तै अनुभवी कप्तान क्रिष्टियानो रोनाल्डोको नेतृत्वमा रहेको पोर्चुगलको टिम यो विश्वकपमा सन्तुलित टिममध्ये एक मानिएको छ। यो टिममा मिडफिल्ड होस् वा फूलब्याकजस्तो महत्त्वपूर्ण स्थानमा यथोचित व्यवस्थापन भएको देखिएको छ। विश्वकपमा बलियो टिमका रूपमा हेरिने गरिएको पोर्चुगलले एकपटक पनि विश्वकप जित्न सकेको छैन । सन् १९६६ मा पोर्चुगल तृतीयसम्म भएको थियो।

त्यसैगरी, ब्राजिल पनि विश्वकपका सहभागी टिमहरूमा शक्तिशाली टिमहरूमध्ये पर्दछ । विश्वमा सबैभन्दा धेरैचोटी पाँचपटक विश्वकप जित्न सफल ब्राजिल अहिले छैटौंपटक उपाधि जित्ने दाउमा रहेको छ। अनुभवी खेलाडीहरूको कमी नदेखिएको ब्राजिलले विश्वकप फुटबल प्रतियोगिता आयोजना भएको प्रारम्भिक दिनदेखि नै प्रतिस्पर्धा गर्दै आइरहेको छ।

चारपटक विश्वकप जितिसकेको जर्मनीजस्ता टिम पनि विश्वकपका बलिया दाबेदार मान्न सकिन्छ । तर सन् २०१८ तथा २०२२ मा समूह चरणबाटै बाहिरिएको जर्मनी यसपटक त्यस्तो पीडा फेरि नपरोस् भन्नेतर्फ सचेत रहेको छ। विश्वकपमा दुईपटक तृतीय भइसकेको क्रोयसिया तथा सन् २०२२ को विश्वकपमा तेस्रो स्थानका लागि भएको खेलमा क्रोयसियासँग एक गोलअन्तरले मात्र पराजित भएपछि विश्वव्यापी रूपमा चर्चित भएको मोरक्कोजस्ता टिमबाट पनि यसपटक अझ उत्कृष्ट नतिजाका लागि प्रयत्न हुने नै छ। यस्तै नेदरल्यान्डस्, बेल्जियमजस्ता टिमलाई पनि कम आँक्न सकिँदैन।

**धेरै पटक जित्नेहरू**

फिफा विश्वकप फुटबल हालसम्म सबैभन्दा धेरैपटक ब्राजिलले जितेको छ। ब्राजिलले सन् १९५८, १९६२, १९७०, १९९४ र सन् २००२ मा गरी पाँचपटक विश्वकप हासिल गरेको थियो । यस्तै जर्मनीले चारपटक उपाधि हात पारिसकेको छ। जर्मनी सन् १९५४, १९७४, १९९० र २०१४ मा विजेता बन्न सफल भएको थियो। उपाधि चारपटक नै जितेको इटालीले सन् १९३४, १९३८, १९८२ र २००६ मा ट्रफी कब्जामा लिएको थियो। तीनपटक जितिसकेको अर्जेन्टिनाले सन् १९७८, १९८६ तथा अघिल्लो विश्वकप २०२२ मा विजेता बनेको थियो। फ्रान्स र उरुग्वेले भने दुईदुईपटक विश्वकप जितेका छन्। फ्रान्सले सन् १९९८ र २०१८ मा तथा उरुग्वेले सन् १९३० तथा १९५० मा उपाधि हात पारेका थिए।

अन्तरराष्ट्रिय फुटबल महासङ्घ फिफाको पछिल्लो विश्व वरियताक्रममा अर्जेन्टिना सबैभन्दा अग्रपङ्क्तिमा रहेको छ । दोस्रो स्थानमा स्पेन तथा तेस्रो स्थानमा फ्रान्स रहेका छन्। यस्तै इङ्ल्यान्ड चौथो, पोर्चुगल पाँचौं स्थानमा छन्।

**अत्यधिक गोल**

फिफा विश्वकपको इतिहासमा सबैभन्दा धेरै गोल गरेको इतिहास जर्मनीका मिरोस्लाभ क्लोसले कायम गरेका छन्। उनले सन् २००२, २००६, २०१० र २०१४ गरी चारवटा विश्वकपमा कुल १६ गोल गरेर कीर्तिमान राखेका थिए। विश्वकपमा धेरै गोल गर्नेहरूको सूचीमा दोस्रो स्थानमा रहेका ब्राजिलका रोनाल्डोले कुल १५ गोल गरेका थिए । तत्कालीन पश्चिम जर्मनीका गेर्ड मुलरले कुल १४ गोल, फ्रान्सका जष्ट फोन्टाइनले कुल १३ गोल गरेका थिए । हालसम्म पाँचवटा विश्वकप खेलिसकेका अर्जेन्टिनाका लिओनेल मेस्सीले कुल १३ गोल गरिसकेका छन्। एउटै प्रतियोगितामा सबैभन्दा धेरै १३ गोल फ्रान्सका जष्ट फोन्टाइनले सन् १९५८ को विश्वकपमा गरेका थिए।

**मेस्सीको छैटौं विश्वकप**

अर्जेन्टिनाका कप्तान लियोनेल मेस्सीले छैटौंपटक फिफा विश्वकपमा भाग लिएर इतिहास रच्दै छन्। सम्भवतः यसपालिको विश्वकप उनको लागि अन्तिम विश्वकप हुनेछ। मेस्सीले सन् २००६ मा जर्मनीमा आयोजित विश्वकपमा १८ वर्षकै उमेरमा डेब्यु गर्ने अवसर प्राप्त गरेका थिए। उनले त्यतिखेर सर्बियाविरुद्ध पहिलो गोल गरेका थिए।

सन् २०१० मा दक्षिण अफ्रिकामा दोस्रोपटक विश्वकप खेलेका मेस्सीले सन् २०१४ मा ब्राजिलमा विश्वकपको फाइनलमा आफ्नो टिमलाई प्रवेश गराउने अवसर पाए पनि जर्मनीसँगको नमीठो हार व्यहोरेका थिए । आफ्नो टिम फाइनलमा पराजित भए पनि प्रतियोगिताको उत्कृष्ट खेलाडीका रूपमा मेस्सीले गोल्डेन बुट जित्नु सामान्य सफलता थिएन । सन् २०१८ मा समेत विश्वकप खेलेका मेस्सीले सन् २०२२ मा कतारमा आयोजित विश्वकपमा अर्जेन्टिनालाई उपाधि दिलाउन नेतृत्वदायी भूमिका खेलेका थिए। मेस्सीले प्रतियोगितामा सात गोल गर्नुका साथै दोस्रोपटक गोल्डेन बल जितेका थिए।

**करोडौं पुरस्कार**

फिफा विश्वकपको अर्को महत्त्वपूर्ण विशेषता भनेको आकर्षक पुरस्कार पनि मानिएको छ । यसमा विजेता बन्ने टिमले करोडौं रकम पुरस्कार पाउनेछन्। फिफाले विश्वकपका विजेता टिमलाई पुरस्कारबापत पाँच करोड डलर रकम प्रदान गर्नेछ । उपविजेताले तीन करोड तीन लाख डलर पाउनेछ। तेस्रो स्थान प्राप्त गर्ने टिमले दुई करोड ९० लाख डलर तथा चौथो हुने टिमले दुई करोड ७० लाख डलर पुरस्कार प्राप्त गर्नेछ। यसबाहेक खेलाडीहरूलाई सम्बन्धित मुलुकका सरकार तथा विभिन्न संस्थाका तर्फबाट पनि आकर्षक पुरस्कार प्रदान गरिने प्रचलन रहेको छ। फिफा विश्वकप विजेताले प्राप्त गर्ने ट्रफीको मूल्य पनि सामान्य छैन। फिफा विश्वकप ट्रफीको लागत करिब दुई लाख ४२ हजार ७०० डलर भएको अनुमान गरिएको छ। ट्रफीको तौल छ किलोभन्दा बढी रहेको छ। यसको निर्माण १८ क्यारेटको सुनबाट गरिएको हो । उक्त सुनको ट्रफी स्थायी रूपमा फिफाको स्वामित्वमा रहने नियम छ। यस्तो महत्तवपूर्ण ट्रफीलाई राष्ट्र प्रमुखहरू, फिफा अध्यक्ष र पूर्व विश्वकप च्याम्पियनहरूले मात्र छुन पाउने नियम रहेको छ।

**नयाँ परिवर्तन**

विश्वकप फुटबलका सिलसिलामा केही परिवर्तनहरू देख्न पाइने भएको छ । खेल सञ्चालनका लागि खटिने रेफ्रीहरूलाई सघाउन भिडियो सहायक रेफ्रीको व्यवस्था गरिएको छ। खेल सञ्चालनका क्रममा रेफ्रीले कुनै खेलाडीले समय खेर फालिरहेको देखेमा थ्रो-इन तथा गोलकिकको लागि पाँच सेकेन्ड काउन्टडाउन गर्न सक्ने नियम बनाइएको छ। त्यो समयभित्र खेल पुनः सुरु गर्न असफल भएमा विपक्षी टोलीलाई अवसर दिइने नियम बनाइएको छ । यसअनुसार खेलाडीले ढिलो गोलकिक प्रहार गरे विपक्षी टिमलाई कर्नर किकको अवसर प्रदान गरिने छ।

खेल सञ्चालनका क्रममा रेफ्रीका निर्णयहरूको समीक्षा भिडियो सहायक रेफ्रीले गर्न सक्नेछन् । यसरी रेफ्रीले खेल सञ्चालन हुँदा देखाएका पहेँलो तथा रातो कार्डबारे पनि समीक्षा गर्न सकिने भएको छ। खेलका बेला कुनै पनि खेलाडीलाई मुख ढाक्न प्रतिबन्ध लगाइएको छ। खेलको समयमा कुनै खेलाडीले आफ्नो मुख हातले छोपेमा तुरुन्तै रातो कार्डको सामना गर्नुपर्ने भएको छ। कुनै खेलाडी परिवर्तन गरिँदा १० सेकेन्डभित्र मैदान छोडिसक्नुपर्ने व्यवस्था गरिएको छ। यस्तै खेलको बेला घाइते भएका खेलाडीलाई मैदान बाहिर उपचार गरिसकेपछि कम्तीमा ६० सेकेन्डसम्म मैदानबाट बाहिरै रहनुपर्ने नियम बनाईएको छ।

**गर्मीको चुनौती**

विश्वकप गर्मीयाममा सञ्चालन गरिने भएकाले खेल सञ्चालनका बेला खेलाडीहरूको सुविधाका लागि प्रत्येक खेलको प्रत्येक हाफमा तीन मिनेटको विश्राम दिइने भएको छ। प्रतियोगिता सञ्चालन गरिने सहरहरूमा हुने गरेको अत्यधिक गर्मी चिन्ताको विषय भएकाले खेल सुरु भएको २२औं तथा ६७औं मिनेटमा विश्राम दिइने व्यवस्था मिलाइएको छ। यस्तो विश्राम सबै खेलमा दिइने भएको छ । रङ्गशालाको तापक्रम जस्तोसुकै भएता पनि प्रत्येक खेलमा विश्राम दिइने नियम बनाइएको हो। यस अवधिमा खेलाडीलाई पानी पिउन, आराम गर्न तथा प्रशिक्षकलाई थप रणनीति बनाउन अनुमति दिइने छ। यसअघि तापक्रम ३१ डिग्री सेल्सियस नाघेको अवस्थामा मात्र विश्राम दिइने गरिन्थ्यो।

**नेपालको सहभागिता**

नेपालले विश्वकप फुटबलमा सहभागिताका लागि लामो समयदेखि प्रयास गर्दै आएको भएता पनि हालसम्म सफलता मिल्न सकेको छैन। नेपालले हालसम्म नौवटा विश्वकप छनोट प्रतिस्पर्धामा भाग लिएता पनि नतिजा सन्तोषजनक हुनसकेको छैन । नेपालमा फुटबलको संस्थागत विकास भएको लामो समय भइसकेको भएता पनि नेपालका लागि विश्वकप फुटबल ज्यादै कठिन प्रतियोगिताका रूपमा रहेको छ। नेपालमा २००७ साल अगाडि नै तत्कालीन राणा शासनकालमा फुटबल सङ्घको स्थापना भइसकेको थियो। नेपालले अन्तराष्ट्रिय फुटबल महासङ्घ फिफाको सदस्यता लिएको पनि ५० वर्ष नाघिसकेको छ । नेपालले विगत केही वर्षदेखि विश्वकपका लागि छनोट चरणमा खेल्दै आए तापनि त्यसभन्दा अगाडि भने बढ्न सकेको छैन। नेपाल विश्वकप २०२६ को छनोटमा प्रारम्भिक चरणमै रोकिएको थियो। नेपालले फिफाको विश्व वरियताक्रममा लगातार सुधार नगरेसम्म नेपालको फुटबल टिमले विश्वकपका प्रारम्भिक चरणभन्दा अघि बढ्न कठिनाइ देखिएको छ। विश्वकपमा पुग्न पहिले एसियाली कपमा स्थापित हुनुपर्ने जरुरी देखिएको छ। एसियाकै उज्वेकिस्तान, जोर्डन तथा बहराइनजस्ता मुलुकले एसियाली कपको अनुभवपछि विश्वकपमा सहभागी हुने अवसर पाएका हुन् । नेपालमा सबैभन्दा लोकप्रिय खेल फुटबललाई विश्वकप लक्षित दीर्घकालीन योजनालाई प्राथमिकतापूर्वक अघि बढाउनुपर्ने आवश्यकता टड्कारो महसुस गरिएको छ।

नेपालले पहिलोपटक सन् १९८६ मा मेक्सिकोमा भएको विश्वकप फुटबल प्रतियोगिताको छनोट चरणमा प्रतिस्पर्धा गरेको थियो । सन् १९८५ को मार्च २ तारिखका दिन काठमाडौंको दशरथ रङ्गशालामा नेपालले गरेको पहिलो प्रतिस्पर्धामा दक्षिण कोरियासँग शून्यका विरुद्ध दुई गोलले पराजय भोगेको थियो। सन् १९९० मा इटलीमा भएको विश्वकपका लागि नेपालले दक्षिण कोरिया, मलेसिया र सिङ्गापुरसँग खेलेका छवटा खेलमा नेपालले कुल २८ गोल खाएर सबै खेलमा पराजित भएको थियो । नेपाल सन् १९९४ को विश्वकपको छनोटबाट बाहिरिएको थियो। सन् १९९८ मा फ्रान्समा भएको विश्वकपको लागि ओमानमा भएको छनोट खेलमा नेपालले पहिलोपटक अङ्क प्राप्त गरेको थियो।

नेपाल तथा मकाउबिच भएको खेलमा दुवै पक्षबाट एक-एक गोल भई खेल बराबरीमा टुङ्गिएकाले नेपालले पहिलो अङ्क पाएको थियो । नेपालको तर्फबाट विश्वकप छनोटमा पहिलो गोल प्रहार गर्ने कीर्तिमान हरि खड्काले राखेका हुन्। सो खेल प्रारम्भ भएको २२औं मिनेटमा हरि खड्काले उक्त ऐतिहासिक गोल गरेका थिए । सोही छनोटका सिलसिलामा जापानमा मकाउसँगको खेल पनि एक-एक गोल भई बराबरीमा सकिएको थियो। दोस्रोपटक मुलुकका लागि गोल हान्ने खेलाडी दीपक अमात्य थिए। सन् २००२ मा दक्षिण कोरिया तथा जापानमा संयुक्त रूपमा आयोजित विश्वकपको छनोट चरणमा नेपालले पहिलोपटक मकाउलाई दुईवटा खेलमा हराउन सफल भएको थियो। नेपालले मकाउलाई पहिलो खेलमा एक गोलका विरुद्ध चार गोलले हराएको थियो। उक्त खेलमा निराजन रायमाझीले दुई तथा हरि खड्का तथा वसन्त थापाले एक-एक गोल गरेका थिए।

दोस्रो खेलमा पनि नेपालले मकाउलाई एक गोलका विरुद्ध छ गोलले हराएर विजय हासिल गरेको थियो । उक्त खेलमा नेपालीका लागि निराजन रायमाझीले ह्याट्रिक गरेका थिए भने हरि खड्का, बालगोपाल महर्जन तथा दीपक लामाले एक-एक गोल गरेका थिए। नेपालले इराकविरुद्ध खेलेको पहिलो खेलमा निराजन रायमाझीले एक गोल गरेका थिए भने अर्को खेलमा निराजन रायमाझी र हरि खड्काले एक-एक गोल गरेका थिए। सन् २०१४ मा ब्राजिलमा भएको विश्वकपको छनोट चरणमा नेपालले टिमोर लिष्टेलाई अनिल गुरुङ र जुमानु राईको गोलको मद्दतले पराजित गरेको थियो । दोस्रो खेलमा टिमोर लिष्टेलाई शून्यका विरुद्ध पाँच गोलले हराउँदै छनोट चरणको दोस्रो चरणमा प्रवेश गर्दा मुलुकका लागि गोल प्रहार गर्ने खेलाडीहरूमा अनिल गुरुङ, जुमानु राई, भोला सिलवाल, जगजित श्रेष्ठ र सुजल श्रेष्ठ थिए । दोस्रो चरणको पहिलो खेलमा नेपाल जोर्डनसँग पहिलो खेलमा शून्यका विरुद्ध नौ गोलको भारी अन्तरले हार्न पुगेको थियो भने दोस्रो खेलमा दुवै टिमबाट एक-एक गोल भई खेल बराबरीमा टुङ्ग्याउन नेपाल सफल भएको थियो। त्यतिखेर महत्तवपूर्ण गोल गर्न सफल खेलाडी भरत खवास थिए।

सन् २०२२ मा कतारमा भएको विश्वकपको छनोट चरणको दोस्रो चरणमा सोझै खेल्ने अवसर पाएको नेपालले चाइनिज ताइपेइलाई दुई खेलमा पराजित गरेको थियो। पहिलो खेलमा अन्जन विष्टले शून्यका विरुद्ध दुई गोल प्रहार गरेका थिए भने दोस्रो खेलमा अन्जन विष्ट र नवयुग श्रेष्ठको गोलको मद्दतले नेपाल शून्यका विरुद्ध दुई गोलले विजयी भएको थियो। सन् २०२६ को फिफा विश्वकपको प्रारम्भिक चरणमा नेपाल र लाओस दुवैतर्फबाट एक-एक गोल भई खेल बराबरीमा टुङ्गिएको थियो। नेपालका लागि उक्त गोल अन्जन विष्टले गरेका थिए। दोस्रो खेलमा मनिष डाँगीको गोलद्वारा नेपाल लाओसलाई शून्यका विरुद्ध एक गोलले हराउन सफल भएको थियो । यसरी नेपाल दोस्रो चरणमा प्रवेश गरेपछि यमनसँग दुई-दुई गोल गरेर बराबर गर्न सफल भएको थियो । ती गोल सञ्जीव विष्ट र जिलेस्पी कार्कीले गरेका थिए । तर यमन र बहराईनसँग भने नेपाल भारी गोलको अन्तरले पराजित भएको थियो।

नेपालले संयुक्त अरब इमिरेटस युएई, बहराइन र यमन कुनै टिमलाई जित्न नसकी प्रतियोगिताबाट बाहिरिएको थियो। नेपाल युएईसँग दुवै गोलमा शून्यका विरुद्ध चार गोलको अन्तरले हारेको थियो। नेपाल बहराइनसँग पनि दुवै खेलमा शून्यका विरुद्ध पाँच गोलले हार्न पुगेको थियो।

**विज्ञापनको...**

उनले वर्तमान कार्यदललाई पत्रकार महासंघले मान्यता नदिने उल्लेख गरिन्। अभिव्यक्ति स्वतन्त्रता र संविधान संरक्षणका लागि सबै एकजुट हुनुपर्ने अध्यक्ष शर्माको भनाइ थियो।

उनले भनिन्-'संविधानले दिएको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि सरकारले नियन्त्रण गर्ने प्रयास गरेको छ, जसको उदाहरण पछिल्लो समय नेपाल सरकारको प्रधानमन्त्री कार्यालयबाटै भएको एउटा परिपत्र हो, जसले चाहिँ सरकारी विज्ञापन र सरकारी सूचनाहरू सरकारी सञ्चार माध्यमलाई मात्रै प्रसारण र प्रकाशन गर्न दिने नीति लिएको छ। यो यतिमा मात्रै सीमित छैन । संविधानले दिएका प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि सरकारले नियन्त्रण गर्ने प्रयास गरेको छ।'

धर्नालाई सम्बोधन गर्दै महासंघका महासचिव रामप्रसाद दाहालले सरकारले गत चैत १८ गते गरेको सरकारी विज्ञापन तथा सूचना वितरणसम्बन्धी निर्णय संविधान, विज्ञापन ऐन, सूचनाको हकसम्बन्धी कानून तथा अन्तर्राष्ट्रिय मान्यताविपरित रहेको बताए। सरकारको निर्णयले निजी सञ्चारमाध्यमलाई कमजोर बनाउने र देशभरका मिडिया संस्थालाई बन्द गर्ने सरकारको उद्देश्य रहेको उनको आरोप छ।

महासचिव दाहालले सरकारले निर्णय तत्काल फिर्ता नलिए महासंघले सिंहदरबार केन्द्रित आन्दोलन गर्ने चेतावनी दिए। प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप जारी रहे देशव्यापी आन्दोलन थप चर्किने उनको भनाइ छ।

उनले भने-'सरकारलाई लाग्न सक्छ, यिनीहरू काठमाडौंमा सय-पचास जना भेला भएका थिए, केही होइन भनेर । आज देशको सबै सीडीओ कार्यालयमा हाम्रा साथीहरू यसैगरी बस्नुभएको, हामी अब निरन्तर रुपमा यो चिजलाई अगाडि लान्छौं । यो आन्दोलन अब सडकमा पोखिँदैछ, सरकारले ध्यान दिनुपर्छ । अब हामी देशभरिका साथीहरुको भावनाअनुसार सिंहदरबार केन्द्रित आन्दोलन गर्नुपर्ने अवस्थामा पुगेका छौं।'

महासंघले लोकतन्त्र, संविधान र अभिव्यक्ति स्वतन्त्रताको संरक्षणका लागि आन्दोलन जारी रहने जनाएको छ। साथै, असार ५ गते विभिन्न नागरिक समाज, मानवअधिकारकर्मी तथा सरोकारवालासँग ऐक्यबद्धता कार्यक्रम आयोजना गरी आन्दोलनलाई थप विस्तार गर्ने तयारी गरेको महासंघले जनाएको छ।

**सहकारी...**

त्यसको रिपोर्ट अहिलेसम्म सार्वजनिक भएन, सार्वजनिक गरियोस्।'

अध्यक्ष घिसिङले सहकारी ठगी प्रकरणको पनि निष्पक्ष छानबिन गर्नुपर्ने बताए । सहकारीसम्बन्धी विभिन्न तहका छानबिन भए पनि पीडितहरूले अहिलेसम्म बचत रकम फिर्ता नपाएको उनको भनाइ छ।

उनले पीडितहरूलाई सरकारी कोषबाट नभई ठगीमा संलग्न व्यक्तिहरूबाट रकम असुल गरी फिर्ता गरिनुपर्ने बताए । उनले सहकारी ठगी प्रकरणमा जोडिएका भनिएका जीबी राईलाई नेपाल ल्याई सार्वजनिक रूपमा आफ्नो धारणा राख्ने वातावरण बनाउनुपर्ने पनि बताए । जीबी राईको उपस्थितिले सहकारी क्षेत्रमा भएको अनियमितताको वास्तविकता बाहिर आउनसक्ने उनको भनाइ छ।

उनले प्रधानमन्त्री बालेन्द्र साहले दिएको सीमासम्बन्धी अभिव्यक्ति पनि आपत्तिजनक भएको बताए। संवेदनशील विषयमा जथाभावी बोल्न नहुने उनको भनाइ छ।

## रेसिडेन्स कार्ड हराएको सूचना।

मेरो निम्न विवरण भएको जापान देशको रेसिडेन्स कार्ड लगायत अन्य प्रमाण-पत्रहरु यहि मिति २०८३/०२/१९ गतेका दिन भैरहवा देखि पड्सरी जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध छ।

**नाम** : **रवि मरासिनी**
**ठेगाना** : **ओमसतिया-१, रुपन्देही**
**रेसिडेन्स कार्ड नं.** : **LJ20422168EA**
**मो.नं.** : ९७४३६५७७४८

## एडभान्स स्टडी अफ हेल्थ साईन्सेस प्रा.लि.

तिलोत्तमा-२, रुपन्देही

**डिप्लोमा/प्रमाणपत्र तह फार्मेसी तथा मेडिकल ल्याब टेक्नोलोजी कार्यक्रमको पूर्ण शुल्कीय तर्फ रिक्त सिटहरुमा छनौटका लागि निवेदन दिने सम्बन्धी अत्यन्त जरूरी सूचना**

(सूचना प्रकाशित मितिः २०८३/०२/२८)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठीमी, भक्तपुरको मिति २०८३।०१।२८ गते प्रकाशित सूचना अनुसार मिति २०८३।०२।१३ गतेसम्म यस कलेजमा पूर्ण शुल्कीय तर्फ आवेदन फारम भरी २०८३।०२।१८ गते प्रकाशित प्रमाणपत्र तह फार्मेसी तथा मेडिकल ल्याब टेक्नोलोजी कार्यक्रममा मुख्य उम्मेदवारका रुपमा छनौट भई भर्ना सिफारीस गरिएका उम्मेद्धारहरु मध्ये देहायका कार्यक्रमहरुमा मुख्य उम्मेद्धारहरु भर्ना हुन नआई सिट रिक्त रहेको हुँदा सम्बन्धीत कार्यक्रमहरुको वैकल्पिक योग्यताक्रम सूचीमा रहेका उम्मेद्वारहरुले पहिलो प्राथमिकता पाउने गरी देशभरीका योग्यताक्रम सूचीमा रहेका उम्मेद्वारहरुबाट यो सूचना प्रकाशन भएको मितिले ५ दिन भित्रमा यस कलेजमा रितपूर्वक निवेदन दिनुहुन अनुरोध छ।

तपशिल

| क्र.सं. | कार्यक्रम | रिक्त वर्ग/कोटा | रिक्त सिट संख्या |
|---|---|---|---|
| १. | प्रमाणपत्र तह फार्मेसी | पूर्ण शुल्कीय खुल्ला कोटा | ६ |
| २. | प्रमाणपत्र तह मेडिकल ल्याब टेक्नोलोजी | पूर्ण शुल्कीय खुल्ला कोटा | २५ |

शिक्षालय प्रमुख

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रकाशित मितिः २०८३।०२।२८

नेपाल नेत्र ज्योति संघ, लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टर/श्री रण अम्बिका शाह आँखा अस्पताल भैरहवाद्वारा संचालित आँखा अस्पताल तथा विभिन्न आँखा उपचार केन्द्रहरुको लागि देहायका पदहरुमा करारमा कर्मचारी पदपूर्ति गर्नु पर्ने भएकोले योग्य ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र दरखास्त फारम भर्न यो सूचना आह्वान गरिएको छ।

| S.N. | Designation | Req. No. | Academic Qualification | Remarks |
|---|---|---|---|---|
| 1 | Ophthalmic Assistant NG-1st Level 8 (Technical) | 1 | Ophthalmic Assistant Degree | Registered in NHPC, Experience Preferred |
| 2 | Optical Grinder, Level 1(Admin) | 1 | 10 pass | Skill base training on optical dispensing/grinding. |

**सेवाको किसिम र अवधि :-**

- उम्मेदवारहरुको छनौट अन्तर्वार्ताको माध्यमबाट गरिनेछ।
- करार/कार्य सम्पादनको आधारमा करार अवधि थप गर्दै लान सकिनेछ।
- सेवा,शर्त र सुविधा नेपाल नेत्र ज्योति संघको नियमानुसार(करार सम्झौता अनुसार) हुनेछ।
- उमेरः- सहायक तथा अन्य स्तरको लागि १८ वर्ष उमेर पुगेको र ३५ वर्ष र महिलाको हकमा ४० वर्ष) ननाघेको हुनुपर्ने।
- शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, बायोडाटा लगायत अन्य आवश्यक कागजातको प्रतिलिपि राखी दरखास्त पेश गर्नु पर्नेछ।
- दरखास्त फारम शुल्क :- सहायक तथा अन्य स्तर रु.५००/-
- दरखास्त फारम नेपाल नेत्र ज्योति संघ,रुपन्देही शाखाको कार्यालयबाट उपलब्ध हुनेछ।
- अन्तर्वार्ताको मितिः२०८३।०३।१२ गते शुक्रबार, समयः बिहान ११:०० बजे।
- प्रवेश पत्र वितरण : मिति २०८३।०३।१२ गते बिहान ९:०० बजेदेखि।

**थप विस्तृत जानकारीको लागि**
**नेपाल नेत्र ज्योति संघ,**
**रूपन्देही शाखा, फोन नं. : ०७१-५२४३३६**

## मिलमिले जुरेढुङ्गा सामुदायिक वन उपभोक्ता समूह, ऐरावती गा.पा. १ प्यूठान

### काठ दाउरा लिलाम बिक्री सूचना

सूचना प्रकाशित मिति २०८३।०२।२८

डिभिजन वन कार्यालय, प्यूठानको च.न. १४१२ मिति २०८३/०२/२६ गतेको बिक्री सहमति अनुसार यस समूहको घाटगद्दीमा भएको खयर जातका ५६४ थान गोलियाको ६२६।५८ क्यू.फिट काठ लाई १ वटा लट कायम गरि घाटगद्धिमा जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नु परेकोले इच्छुक तथा रित पुगेका काष्ठ व्यवसायीले तोकिएको स्थान र निकायबाट २१ दिन भित्र बोलपत्र खरिद गरी २२औ दिनमा दिउसोको ३:०० बजे भित्र बोलपत्र खरिद गरिएकै स्थान र निकायमा सिलबन्दी बोलपत्र दाखिला गर्न सूचित गरिन्छ। यसको विस्तृत सूचना उपभोक्ता समूह, डिभिजन वन कार्यालय प्यूठानको सूचना पाटी तथा Website: https://dfopyuthan.lumbini.gov.np तथा अन्य डिजिटल माध्यम बाट समेत लीन सकिने व्यहोरा जानकारी गराइन्छ।

अध्यक्ष

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**स्थानीय बासिन्दा पञ्चेबाजा बजाउँदैः**
कालिकोटको तिलागुफा नगरपालिकामा स्थानीय बासिन्दा पञ्चेबाजा बजाउँदै । तस्विरः रासस

# प्यूठानमा नेपालकै पहिलो हरित हाइड्रोजन प्लान्ट उद्घाटन



**लवकुमार अधिकारी**
*प्यूठान*

बुटवल पावर कम्पनीले लिमिटेड (बीपीसी) ले प्यूठानमा ५० किलोवाट क्षमताको हरित हाइड्रोजन (ग्रीन हाइड्रोजन) पाइलट परियोजनाको औपचारिक उद्घाटन गरेको छ । यो परियोजनाले नेपालमा हरित हाइड्रोजन उत्पादन, भण्डारण तथा उपयोगको प्राविधिक र आर्थिक सम्भावनाको परीक्षण गर्ने उद्देश्य राखेको कार्यालयले जनाएको छ।

माण्डवी गाउँपालिका -३ दारिमचौरस्थित बीपीसीद्वारा सञ्चालित झिमरुक हाइड्रोपावरको परिसरमा स्थापना गरिएको उक्त परियोजनाले नवीकरणीय जलविद्युत् ऊर्जाको प्रयोग गरी विद्युत् अपघटन (इलेक्ट्रोलाइसिस) प्रक्रियामार्फत् हरित हाइड्रोजन उत्पादन गर्ने सोही कार्यालयका प्रमुख शोभाकर पन्तले जानकारी दिए । 'परियोजना वर्ड बैंकको प्राविधिक सहयोग (एफसीडीओ) मार्फत यूके अन्तर्राष्ट्रिय विकासको आर्थिक सहयोगमा कार्यान्वयन गरिएको हो,' उनले भने-'२०८२ कार्तिक ८ गते सो परियोजनाको सम्झौता गरी संरचना निर्माण कार्य सुरु गरिएको थियो ।' २०८२ चैत्र ३० गते पहिलो पटक सिलिण्डरमा ग्यास भरी सफल परीक्षण गरिको प्यूठानका प्रमुख पन्तले बताए । नेपालमै पहिलो पटक हरित हाइड्रोजन (ग्रीन हाइड्रोजन)को सफल परीक्षणपश्चात् मंगलबार औपचारिक रुपमा उद्घाटन गरिएको उनको भनाइ छ।

उद्घाटन समारोहमा लुम्बिनी प्रदेशक सांसद तुल्सीराम पोखरेल, ऊर्जा मन्त्रालयका प्रतिनिधि, प्यूठान जिल्लाका स्थानीय तहका जनप्रतिनिधि, एफसीडीओ, विश्व बैंकका प्रतिनिधि, प्यूठानका प्रमुख जिल्ला अधिकारी, नेपाल विद्युत् प्राधिकरणका प्रतिनिधि बीपीसी र सञ्चारकर्मीहरुको सहभागिता रहेको थियो।

**९९ दशमलव ९९ प्रतिशत शुद्धताको हाइड्रोजन उत्पादन**

बीपीसीको पाइलट प्लान्टमा ५० किलोवाट क्षमताको क्षारीय इलेक्ट्रोलाइजर प्रणाली जडान गरिएको छ, जसले ९९ दशमलव ९९ प्रतिशत शुद्धताको हाइड्रोजन उत्पादन गर्न सक्षम रहेको कम्पनीका सञ्चालक समितिका सदस्य विजयबहादुर श्रेष्ठले बताए । 'उत्पादन गरिएको हाइड्रोजनलाई १५० बार दबाबमा कम्प्रेस गरी सिलिन्डरहरूमा भण्डारण गरिनेछ,' उनले भने-'यसबाट हाइड्रोजनको सम्भावित विभिन्न उपयोग, सुरक्षा, भण्डारण तथा सञ्चालनसम्बन्धी परीक्षण र मूल्यांकन गर्न सकिनेछ, यो परियोजनाको इपीसी ठेकेदार चीनको सीपीयु हाइट्रोजन पावर टेक्नोलोजी लिमिटेडले निर्माण गरेको हो ।' प्लान्ट १३ अप्रिल २०२६ मा सफलतापूर्वक सञ्चालनमा ल्याइएको थियो र सोही दिन पहिलो हाइड्रोजन सिलिन्डर सफलतापूर्वक भरिएको समेत सञ्चालक समितिका सदस्य विजय श्रेष्ठले जनाए।

**ऊर्जा क्षेत्रमा नवप्रवर्तनको परीक्षण**

बीपीसीका अनुसार यो परियोजनाले नवीकरणीय ऊर्जा क्षेत्रमा नवप्रवर्तन तथा उदीयमान स्वच्छ ऊर्जा प्रविधिको व्यावहारिक परीक्षणप्रति कम्पनीको प्रतिबद्धता झल्काउँछ। परियोजनाबाट हाइड्रोजन उत्पादन, सङ्कुचन, भण्डारण, सुरक्षा, सञ्चालन, प्राविधिक कार्यसम्पादन, आर्थिक व्यवहार्यता तथा नेपालमा सम्भावित प्रयोगका क्षेत्रबारे महत्वपूर्ण अनुभव र सिकाइ प्राप्त हुने अपेक्षा गरिएको छ।

यसैबिच, नेपाल सरकारले आर्थिक वर्ष २०८३/०८४ मा हेटौंडामा २ दशमलव ५ मेगावाट क्षमताको हरित हाइड्रोजन पाइलट परियोजना अघि बढाउने गरी बजेट विनियोजन गरेको छ।

**ग्रीन हाइड्रोजन भनेको के हो ?**

ग्रीन हाइड्रोजन भनेको पानीलाई नवीकरणीय ऊर्जा स्रोत जस्तै जलविद्युत्, सौर्य वा वायु ऊर्जाबाट प्राप्त विद्युत् प्रयोग गरी हाइड्रोजन र अक्सिजनमा छुट्याएर उत्पादन गरिने स्वच्छ इन्धन हो।पानीमा विद्युत् प्रवाह गराएर हाइड्रोजन निकाल्ने प्रक्रियालाई 'इलेक्ट्रोलाइसिस' भनिन्छ।

भविष्यको हरित ऊर्जा स्रोतका रूपमा हेरिएको ग्रीन हाइड्रोजनले उद्योग, यातायात, मल उत्पादन तथा ऊर्जा भण्डारण क्षेत्रमा जीवाश्म इन्धनको विकल्प दिन सक्ने विश्वास गरिएको छ।

### प्रधानमन्त्रीको विवादास्पद अभिव्यक्ति :

# देश र जनतासँग माफी माग्न विपक्षीको माग

**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङदेम्बेले सीमासम्बन्धी विवादित अभिव्यक्तिलाई लिएर प्रधानमन्त्री वालेन्द्र शाहले अब संसदमा नभएर देश र जनतासँग माफी माग्नुपर्ने बताएका छन् ।

बुधबार प्रतिनिधि सभाको बैठकमा बोल्दै आङदेम्बेले कांग्रेसले अब प्रधानमन्त्री शाहलाई लिएर अब प्रश्न नगर्ने बताए। 'अब प्रधानमन्त्रीको उपस्थित हाम्रा लागि गौण भएको छ,' आङदेम्बेले भने-'प्रधानमन्त्रीले संसद्मा होइन, देश र जनतासँग माफी माग्नुपर्छ ।'

उनले अब त्यही विषयलाई लिएर संसद् अवरुद्ध नगर्ने बताए। प्रधानमन्त्री जिम्मेवार नबने पनि प्रतिपक्ष दल जिम्मेवार बन्ने जनाए । 'प्रधानमन्त्री गैरजिम्मेवार बन्यो भनेर प्रतिपक्षी गैरजिम्मेवार बन्न सक्दैन ।'- उनले भने ।

तथापि, उनले प्रधानमन्त्री शाहको अभिव्यक्तिको विरोध गरे । उनले भने-'प्रधानमन्त्रीको भनाइ घोर निन्दनीय र आपत्तिजक छ ।'

प्रधानमन्त्री शाहले जेठ १७ गतेको प्रतिनिधिसभाको बैठकमा नेपालले पनि भारतको जमिन मिचेको अभिव्यक्ति दिएका थिए । त्यसलाई लिएर विपक्षी दलले विरोध गर्दै आएका छन् । आङ्देम्बेले नेपालले कसैको भूमि मिचेको छ ? कि भनेर खोज्दै हिँड्ने सत्ता पक्षका सांसदहरू देखेर आफू लज्जित भएको टिप्पणी गरेका छन् । नेता आङ्देम्बेले मेरो देशले कसैको सीमा मिचेको छैन भनेर हिँड्नुपर्नेमा सत्तापक्ष केही सांसदहरूले नेपालले भारतको सीमा मिचेको हो भनेर न्वारनदेखिको बल लगाएर दौडी राखेको भन्दै आपत्ति जनाए। उनले देश र जनता कसैले पनि नरुचाउने खालको यस्ता हर्कत गर्ने सांसदहरूलाई वीर भक्ति थापाको आत्माले पनि धिकार्ने बताए ।

उनले लिपुलेक, कालापानी र लिम्पियाधुरा नेपालको भूमि हो भन्ने कुरा दुनियाँलाई थाहा भएको र ती समस्याको समाधान गहन कूटनीतिक संवादमार्फत टुंगो लगाउनुपर्ने पनि स्पष्ट पारे । उनले भने-'दुनियाँलाई थाहा छ सभामुख महोदय लिपुलेक हाम्रो हो, कालापानी हाम्रो हो । लिम्पियाधुरा हाम्रो हो । यही संसदले ती भूभागसहितको नक्सा पारित गरेको पनि दुनियाँलाई थाहा छ । यो विषयको हल उत्तेजना र आवेगले होइन । संयमित ढंगले गहन संवादको माध्यमबाट कूटनीतिक प्रक्रियाबाट हुनु पर्दछ । हामी सबै यहीँ चाहन्छौं । त्यसका लागि हामी पक्ष, प्रतिपक्ष सबै नै सरकारको साथमा नै थियौं, र छौं । तर सरकार र सत्तारुढ दलको रवैया यो गम्भीर विषयप्रति गम्भीर देखिएन ।'

उनले अगाडि थपे-'आजको मितिमा यो संसद्मा प्रश्न गर्ने क्षमताले आत्माहत्या गरिराखेको बडो कारुणिक दृष्य मैले देखिराखेको छु। सत्ताको कित्ताबाट कोही एकजनाले हिम्मत गर्लान् । मेरो देशले कसेको सीमा कहाँ मिचेको छ ? भनेर प्रश्न गर्लान् भनेको त सभामुख महोदय म आफैं लज्जित छु। उल्टै कतिपय सांसद मित्रहरू नेपालले भारतको सीमा मिचेको हो भनेर पुष्टि गर्न म यो शब्द प्रयोग गर्न चाहन्थें, तर भन्छु न्वारनदेखिकै बल लगाएर दौडी राख्नु भएको छ । नेपालले मिचेको भूमि खोजी राख्नु भएको छ। यस्तो खालको जनताले देख्दाखेरी पनि नरुचाउने खालको हर्कत गर्ने मित्रहरूलाई वीर भक्ति थापाको त्यो आत्माले धिर्कालान कि !' नेता आङ्देम्बेले आज सत्तापक्षकै कारण संसदमा प्रश्न गर्ने क्षमताको समेत आत्माहत्या भइराखेको कारुणिक दृष्य देख्नुपरेको गुनासो पनि गरे। नेकपा एमालेले प्रधानमन्त्री बालेन शाहले भारतको सीमा नेपालले मिचेको भन्ने अभिव्यक्तिका विषयमा परराष्ट्रमन्त्री शिशिर खनालको प्रष्टीकरण मान्य नहुने बताएको छ । बुधबारको प्रतिनिधिसभा बैठकलाई सम्बोधन गर्दै उनले जवाफ प्रधानमन्त्रीले नै दिनुपर्ने बताएका हुन् ।

'जवाफ प्रधानमन्त्रीले नै दिनुपर्छ। परराष्ट्रमन्त्रीले जवाफ दिएर हुँदैन । किन कि यो उहाँको अभिव्यक्ति नै होइन,' उनले भने-'सदनको संकट प्रधानमन्त्रीकै अभिव्यक्तिको कारण आएको हो। संकट समाधान नभएसम्म देशको गरिमाको निम्ति संघर्ष जारी राख्नेछौं ।' 'बादल'ले प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) को अभिव्यक्तिले भारतले होइन नेपालले भारतको भूमि मिचेको स्थापित गर्न खोजेको बताएका छन् । सो अभिव्यक्तिको पैरवी सेनाले पनि गरिररहेको आरोप पनि उनले लगाएका छन् । 'यो वक्तव्यको सेनाहरूले पनि पैरवी गरिरहेका छन् । सत्ता पक्षका सांसदहरूले पनि यो वक्तव्यलाई स्थापित गर्न यसको समर्थनमा तथ्य खोज्दै मेचीदेखि महाकालीसम्म हिँडिराख्नुभएको छ ।'- उनले भने । यस्तै थापाले रास्वपा सांसद अमरेशकुमार सिंहले एक अन्तर्वातामा 'नेपाल कतै पाकिस्तानी मोडलतिर त उन्मुख छैन' भन्ने अभिव्यक्तिको पनि स्मरण गरे । 'नेपालका शासकहरूको कार्यशैली त्यो दिशातर्फ त उन्मुख छैन भन्ने गम्भीर आशंका रास्वपाका सांसदहरूले उठाउनुभएको छ,' उनले भने-'प्रधानमन्त्री रोस्टममा आएर जबसम्म गल्तीहरूलाई सच्याउनुहुन्न तबसम्म यो संकटको समाधान हुन सक्दैन ।' यस्तै उनले परराष्ट्रमन्त्री शिखिर खनालले सदनमा दिएको प्रस्टीकरणमा आफूहरू सहमत हुन नसकेको बताए । 'परराष्ट्रमन्त्रीले प्रधानमन्त्रीको पक्षबाट उहाँको घोषणालाई रक्षा गर्ने, त्यो भनाइ सही थियो भनेर जानु भयो,' उनले भने-'त्यो स्पष्टीकरणसँग सहमत छैनौं । त्यो (स्पष्टीकरण) परराष्ट्रमन्त्रीले होइन, प्रधानमन्त्रीले नै दिनुपर्छ ।'

सभामुखले प्रधानमन्त्रीलाई र रास्वपा सभापतिले सदस्यका हैसियतमा रुलिङ नगर्दासम्म संकट समाधान नहुने उनले बताए। नेकपा सांसद प्रमेश हमालले परराष्ट्रमन्त्री शिशिर खनालले प्रधानमन्त्रीको अभिव्यक्तिको ढाकछोप गरेको आरोप लगाएका छन् । बुधबार सदनमा बोल्दै उनले परराष्ट्रमन्त्रीले प्रधानमन्त्रीको अभिव्यक्तिको ढाकछाप मात्रै गरेको बताएका हुन् । 'प्रधानमन्त्रीज्यूले परराष्ट्रमन्त्रीलाई लिखित पठाइदिएको भए पनि हुन्थ्यो । तर परराष्ट्रमन्त्रीले त ढाकछोप गर्नुभयो। यो क्रसबोर्डर अकुपेन्सी र होल्डिङसको मात्रै कुरा हो ?,' -उनले भने । उनले भूमिका विषयमा कूटनीति प्रयास गर्नु भनेको भए पनि प्रधानमन्त्रीले विषयान्तर गरेर सो अभिव्यक्ति दिएको बताए । 'अब हाम्रा कूटनीतिज्ञहरूले कुन हैसियतले कुरा गर्ने, कुन स्वाभिमानले कुरा गर्न सक्छन् ? आफूलाई डिफेन्सिप बनाएर नोगोसियन हुँदैन ।'- उनले भने । हमालले प्रधानमन्त्रीले अभिव्यक्ति फिर्ता लिनुपर्ने र जनतासँग माफी पर्ने बताए। साथै संसदको रेकर्डमा रहेको शब्दहरूलाई पनि हटाउनुपर्ने उनको भनाइ छ। प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) ले भारतले मात्र होइन, नेपालले पनि भारतको जग्गा मिचेको अभिव्यक्ति दिएका थिए। श्रम संस्कृति पार्टी संसदीय दलका नेता हर्क साम्पाङले प्रधानमन्त्री वालेन्द्र शाहको अभिव्यक्ति आफैँले सच्याउनुपर्ने बताएका छन्।

बुधबारको प्रतिनिधिसभा बैठकमा उनले परराष्ट्रमन्त्री शिशिर खनाल बोल्ने कुरामा आफूहरूको सहमति नरहेको बताए। "त्यसमा सहमति छैन। जुन निर्णयप्रति विरोध गर्छौं। प्रधानमन्त्री पदलाई जिम्मेवार बनाउन खोजेको हो।"- उनले भने। प्रधानमन्त्रीको भनाइ अरुले सच्याउने कुरा मान्य नहुने उनको भनाइ छ। प्रधानमन्त्री नआए हस्ताक्षर गरी पठाएको लिखित परराष्ट्रमन्त्रीले पढ्दा हुने बताए।

उनले संविधानमुताविक चल्नुपर्ने धारणा राखे। साम्पाङले सभामुखले 'रुलिङ' गरेर प्रधानमन्त्री वालेन्द्र शाहलाई संसद्नमा ल्याउनुपर्ने बताएका छन्।

सभामुख डोलप्रसाद अर्याललाई आग्रह गर्दै साम्पाङले भने-'प्रधानमन्त्रीलाई तपाईंले रुलिङ गरेर ल्याउनुपर्छ ।' प्रधानमन्त्री शाहले सभामुखको 'रुलिङ' मान्नुपर्ने बताए। 'प्रधानमन्त्रीले पनि तपाईको रुलिङ मान्नुपर्छ। प्रधानमन्त्री पनि यहि संसद्को सदस्य हो ।'- उनले भने ।

शाहलाई संसद्प्रति उत्तरदायी बनाउनुपर्ने उनको भनाइ थियो । 'प्रधानमन्त्रीलाई उत्तरदायी बनाउनै पर्छ । प्रधानमन्त्री संसद्भन्दा ठूलो होइन ।'- उनले भने । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले देशको प्रधानमन्त्री बालेन्द्र शाहले बोलेको अभिव्यक्ति संसद्को रेकर्डबाट हटाउन माग गरेका छन् । बुधबार प्रतिनिधिसभा बैठकमा बोल्दै उनले यस्तो बताएका हुन् ।

'अहिले प्रधानमत्रीले बोले आज रास्वपाको प्रधानमन्त्री हुनुहुन्छ बोल्नुभयो भन्ने विषयवस्तु होइन, भोलि अर्को प्रधानमन्त्री आउँदा तिम्ले हाम्रो देशको सीमा मिचेका छौं, कहाँकहाँ मिचेका छौं देऊ भन्योभने कहाँको भूमि दिने ?,' शाहीले भने-'अति संवेदनशील मुद्दा हो ।'

धेरैले संसद् काम गर्ने थलो हो भनेको बताउँदै उनले भने-'यो पनि काम नै हो । देशभन्दा ठूलो अरु केही पनि छैन । राष्ट्रभन्दा ठूलो अरु के छ र ?' देशको इतिहास अहिले चुनाव गरेजस्तो, गीत गाएजस्तो केही गरेर चुनाव जितेजस्तो नभएको उनले जनाए । 'नेपाल देश भएकै कारण अहिले हामी कोही मन्त्री, कोही सांसद भएका छौं । त्यसैले देशको कुरा आउँदा त्यसै स्वीकार गर्ने कुरा आउँदैन ।'- शाहीले भने । सीमाको विषयमा प्रधानमन्त्रीको जवाफ चाहिने उनले बताए । उनले भने-'यो चिया पसलमा दिएको अभिव्यक्ति होइन, देशको प्रधानमन्त्रीले संसदको रोस्ट्रममा उभिएर दिएको अभिव्यक्ति हो ।'

# करका दर हेरफेरबारे अर्थमन्त्री वाग्लेमाथि उठ्यो गम्भीर प्रश्न

बुटवल । नेपाली कांग्रेस र नेकपा एमालेले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेबारे गम्भीर प्रश्न उठाएका छन् ।

कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले संसद्कै रोष्ट्रमबाट भने-'हिजो मन्त्रीको बारे प्रश्न उठ्दा सबै आगो, आज अर्थमन्त्रीकोबारे गम्भीर प्रश्न उठ्यो । सबै बरफ किन ?'

अर्थमन्त्री वाग्ले करका दर हेरफेर विवादमा परेका छन् ।

आर्थिक विधेयकमा भएको हेरफेर र करका दरको हेरफेरको सूचना चुहावट भएको विषयमा वाग्ले आफैं भने पन्छिन खोजिरहेका छन् ।

अर्थमन्त्री डा. वाग्लेले संघीय संसदका दुवै सदनमा जेठ १५ गते आर्थिक विधेयक पेस गरेका थिए। उक्त विधेयकमा केही अस्पष्टता र केही भाषिक त्रुटि रहेको भन्दै जेठ १७ गते उक्त त्रुटिहरू सच्याउन संसद् सचिवालयमा निवेदन दिएका थिए ।

तर, विधेयक संसद्मा अगाडि बढ्ने प्रक्रियासम्बन्धी छुट्टै व्यवस्था छ । विधेयकमा संशोधन गर्ने प्रक्रियासम्बनधी प्रक्रिया प्रतिनिधिसभा नियमावलीको परिच्छेद १५ मा छ ।

जसअन्तर्गत विधेयक अगाडि बढाउन विधेयक प्रस्तुत गर्ने अनुमतिका लागि सूचना दिनुपर्छ । विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमै सांसदहरूले विरोधको सूचना दिन सक्छन् । त्यस्तो सूचनाउपर सभाले निर्णय लिन्छ ।

त्यसपछि सभामा विधेयकमाथि सामान्य छलफल हुन्छ । सामान्य छलफल समाप्त भएपछि विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत हुन्छ ।

यस्तो प्रस्ताव सभाले स्वीकृत गरेपछि सांसदहरूले संशोधन प्रस्ताव दर्ताका लागि समय पाउँछन् ।

'विधेयकमा संशोधन पेस गर्न चाहने कुनै पनि सदस्यले विधेयकमाथिको सामान्य छलफल समाप्त भएको बहत्तर घण्टाभित्र आफूले पेस गर्न चाहेको संशोधनसहितको सूचना सचिवलाई दिनुपर्नेछ' नियमावलीको नियम ११२ मा छ ।

यी प्रक्रिया सभामा अगाडि बढेकै छैन । सांसदहरूले संशोधनका लागि प्रस्ताव पेस गर्ने समय पाउने अवस्थामा विधेयक पुगेकै छैन ।

यो प्रक्रिया सुरु नहुँदै अर्थमन्त्रीले पाँच बुँदे त्रुटि सुधार भनेर संसद् सचिवालयमा पत्र पठाएको भनेर विपक्षी दलहरूले प्रश्न उठाएका छन् ।

त्रुटि सुधारको विधि र प्रक्रिया अनुसार भयो वा भएन वा ५ बुँदे त्रुटि सुधारको कानुनी आधार के हो ? कुन कानुन अनुसार त्रुटि सुधारको पत्र संसद् सचिवालयमा पठाएको हो ? यसबारे अर्थमन्त्री वाग्लेले कुनै जवाफ दिएका छैनन् ।

यही सन्दर्भमा कांग्रेस नेता आङ्देम्बेले अर्थमन्त्रीकोबारे गम्भीर प्रश्नमा सबै बरफ किन भनेर प्रश्न गरेका हुन् ।

करको दर हेरफेर प्रकरणमा नेकपा एमलेले संसदीय छानबिन हुनुपर्ने माग गरेको छ । नेकपा एमालेका प्रमुख सचेतक ऐनबहादुर महरले यस्तो माग राखेका हुन् ।

'विशेषगरी अर्थ मन्त्रालयसँग जोडिएका पछिल्ला विवादहरूमा गम्भीर प्रश्न उठेकाले संसदीय छानबिन हुनुपर्छ,' उनले भने-'बिवाइडी गाडीको आयातमा भएको भनिएको कर छली र आर्थिक विधेयकमा करका दरहरू हेरफेर गरिएको विषय नीतिगत भ्रष्टाचार हो । राज्यविरुद्धको अपराध हो ।'

# सातामा सातैदिन बाँदरको चौकीदारी



बलेवा । बागलुङको जैमिनी नगरपालिका- १, कुश्मीसेरा सिरुबारीका ७९ वर्षीय लक्ष्मीदत्त पाध्याको दैनिकी बाँदरको चौकीदारीमा बित्ने गरेको छ।

सिरुबारीको गैराबारी खेतमा उनको करिब सातमुरी मकै फल्ने जमिन छ । उक्त जमिनमा लगाएको मकै जोगाउन उनी बाँदरको चौकीदारी गर्छिन् । बाँदरले मकै मात्र होइन, अन्य बाली पनि नष्ट गर्ने गरेको छ।

बाँदरको आतङ्कले खेतबारीमा लगाएको मकै जोगाउन उनी चार वर्षदेखि नियमित रूपमा बाँदरको चौकीदारी गर्दै आएकी छिन् । उनी हरेक बिहान ५:०० बजेदेखि बेलुका ७:०० बजेसम्म सडक छेउको छाप्रोमा कुकुर र गुलेलीसहित चौकीदारी गर्दैछिन् ।

"बाँदर आयो भने मलाइँ टेर्दैन्, कुकुर देखे केही पर जान्छन् गुलेलीसँग डराउँछन्", लक्ष्मीदत्तले भनिन्- "बथानमा आयो भने त कुकुरलाई पनि टेर्दैनन् ।"

सिरुबारी र आसपासका क्षेत्रमा बाँदर आतङ्क अहिले किसानका लागि सबैभन्दा ठूलो समस्या बनेको छ । कतिपयले खेती गर्नै छोडेका छन् ।

जैमिनी नगरपालिकाका सबै वडामा बाँदर आतङ्कले हैरान बनाएको छ । जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले बाँदरआतङ्ककै कारण जैमिनीका केही बस्ती नै बसाइँसराइ गएको बताउँछन् ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदुर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com